समृद्ध समाजको सामाजिक आधार
युवाको बल र विचार

कम्पनी दर्ता नं. २११८१३/०७५/०७६

राष्ट्र, राष्ट्रियता र
लोकतन्त्रप्रति प्रतिबद्ध

जि.प्र.का. द.नं. १९९/०६४/०६५ मोरङ

# राष्ट्रिय युवा जागरण

साप्ताहिक

Rastriya Yuva Jagaran Weekly

अनलाईन संस्करण: fastmedianepal.com

वर्ष- १९, अंक-८ | २०८३ भदौ २४ गते बुधबार (2026, 9 Sept. Wednesday) | नेपाल सम्वत ११४६ | पृष्ठ संख्या - ६ | मुल्य रु. १०।-

## जनहितमा जारी

भुकम्प प्रतिरोधक घर बनाऔं । २०७२ बैशाखको जस्तो भुकम्प जुनसुकै बेला जान सक्छ । त्यसैले, घर निर्माण गर्दा सरकारले तोकेको मापदण्ड पूरा गरेर बनाऔं । नगरपालिकाबाट नक्सा पास गराऔं । इन्जिनियरको सल्लाह लिऔं । निर्माणमा तालिम प्राप्त डकर्मी, सिकर्मीलाई मात्र लगाऔं । पुननिर्माण तथा नवनिर्माण गर्दा गुणस्तरीय समाग्री मात्र प्रयोग गरौं ।

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
दमक, झापा

## लागुऔषध कारोबारीसहित ११ जना पक्राउ



◆ रायुजा डेक्स

इटहरी । सुनसरी र झापामा प्रहरीले लागूऔषधविरुद्धको कारबाही चलाएपछि ब्राउन सुगर र गाँजाका कारोबारीसहित ११ जनालाई पक्राउ परेका छन् । प्रहरीले छुट्टाछुट्टै घटनाबाट ७२ ग्रामभन्दा बढी ब्राउन सुगर र ५ किलो ९०० ग्रामभन्दा बढी गाँजा बरामद गरेको जनाएको छ ।

सुनसरीमा विभिन्न स्थानमा गरिएको कारबाहीमा ७ जनालाई पक्राउ गरिएको छ । इटहरी-७ बज्राहा मुसरीटोलबाट दिनेश चौधरीको साथबाट ०.८७ ग्राम ब्राउन सुगर र ३ किलो ९४० ग्राम गाँजा बरामद भएको छ ।

इटहरी-१६ बाट अबु खानको साथबाट ०.१९ ग्राम र इटहरी-१० बाट १७ वर्षीय शिबु मण्डलको साथबाट ०.३९ ग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ । देवानगञ्ज-७ स्थित एक मिलघरबाट १ किलो ९६० ग्राम गाँजासहित रामबाबु यादव, भारतका सोनु मेहता र सुमित संगम मेहता पक्राउ परेका छन् ।

झापामा मात्रै ५२ ग्रामभन्दा बढी ब्राउन सुगरसहित चार जना पक्राउ परेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकडभिट्टाको टोलीले दमक-२ बाट ४१ ग्राम २३० मिलिग्राम ब्राउन सुगरसहित भारत बिहारका १९ वर्षीय मोहमद फिरोज र २५ वर्षीय चन्द्रकुमार मण्डललाई पक्राउ गरेको हो । यस्तै, मेचीनगर-६ स्थित दुर्गा मन्दिरबाट अर्जुनधारा-११ का २१ वर्षीय गोबिन्द श्रेष्ठ र ३० वर्षीय कृष्णबहादुर प्रधान पक्राउ परेका छन् । उनीहरूको साथबाट प्लास्टिकसहित ११ ग्राम ६५० मिलिग्राम र प्लास्टिकबाहेक १० ग्राम २७० मिलिग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ ।

त्यस्तै, बराहक्षेत्र-११ बाट २५ ग्राम ६३ मिलिग्राम ब्राउन सुगरसहित ४० वर्षीय कर्णबहादुर राई पक्राउ परेका छन् । उनलाई मोटरसाइकलसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## जेनजी विद्रोहमा दलहरूको कित्ताकाट :
# गगनले मागे सत्य, ओली अझै विषवमनमा

◆ रायुजा डेक्स



इटहरी । जेनजी आन्दोलनको एक वर्ष पुगेका बेला नेपाली कांग्रेसका सभापति गगन थापाले भदौ २३ गतेको घटनाको सत्यतथ्य सार्वजनिक गरी दोषीलाई कानुनी दायरामा ल्याउनुपर्ने माग गरेका छन् । राज्यबाट युवामाथि भएको बल प्रयोग र त्यस क्रममा भएको मृत्युको जिम्मेवारी कसैले लिनुपर्ने भन्दै थापाले आन्दोलनलाई केवल तत्कालीन सरकारविरुद्धको प्रदर्शनका रूपमा बुझ्न नहुने बताएका छन् ।

थापाको पछिल्लो अभिव्यक्तिले जेनजी आन्दोलनको एक वर्षपछि पनि प्रमुख राजनीतिक दलहरूबीच आन्दोलनलाई हेर्ने दृष्टिकोणमा रहेको फरक फेरि सतहमा ल्याएको छ । कांग्रेसले आन्दोलनले उठाएका भ्रष्टाचारविरोधी, सुशासन, जवाफदेहिता र समान अवसरका मागलाई जायज मानेको छ । अर्कातिर एमाले अध्यक्ष केपी शर्मा ओलीले भदौ २३ र २४ का घटनालाई अझै 'प्रतिगामी षड्यन्त्र'का रूपमा व्याख्या गर्दै आएका छन् । उनले त्यसलाई युवा विद्रोह वा लोकतान्त्रिक आन्दोलन मान्न नहुने बताएका छन् ।

थापाले मंगलबार जारी गरेको भिडियो सन्देशमा तत्कालीन राजनीतिक नेतृत्वले युवाको असन्तुष्टि समयमै बुझ्न नसकेको स्वीकार गरेका छन् । उनका अनुसार आन्दोलनअघि नै आफूले तत्कालीन प्रधानमन्त्रीलाई सरकारको काम गर्ने शैली र नागरिकको बढ्दो असन्तुष्टिबारे सचेत गराएका थिए । तर राजनीतिक नेतृत्वले त्यसबाट पाठ सिक्न नसक्दा ठूलो असन्तुष्टि विस्फोट भएको उनको भनाइ छ ।

उनले भदौ २३ गते शान्तिपूर्ण रूपमा असन्तुष्टि व्यक्त गर्न सडकमा आएका युवामाथि राज्यबाट 'ठूलो बल प्रयोग' र 'दमन' भएको भन्दै प्रश्न गरेका छन्(नौजवानहरू किन मारिए, त्यसको जिम्मेवारी कसले लिने र सत्यतथ्य सार्वजनिक किन नहुने ? केही व्यक्तिलाई पक्राउ गर्दैमा वा पक्राउ गरेको जस्तो देखाउँदैमा राज्यको जिम्मेवारी पूरा नहुने उनको भनाइ छ ।

**'सत्य स्थापित होस्, गलत गर्नेलाई दण्ड होस्'**

थापाले भदौ २३ को घटनाबारे आफ्नो माग स्पष्ट रूपमा राखेका छन- सत्यतथ्य सार्वजनिक हुनुपर्छ, सत्य स्थापित हुनुपर्छ र गलत गर्नेले दण्ड पाउनुपर्छ । उनले यो जिम्मेवारी अहिले सरकारमा रहेका व्यक्तिहरूको मात्र नभई समग्र राजनीतिक नेतृत्वको भएको बताएका छन् ।

उनले आन्दोलनको अर्को पक्षलाई पनि राजनीतिक रूपमा अर्थ्याएका छन् । उनका अनुसार युवाहरू एउटा सरकार ढाल्न मात्र सडकमा आएका थिएनन् । भ्रष्टाचारमुक्त राज्य, जवाफदेही शासन, सुशासन र समान अवसरको माग उनीहरूको मूल एजेन्डा थियो । ती माग जायज रहेको र ती माग पूरा गर्न नसक्नु राजनीतिक नेतृत्वको कमजोरी भएको थापाको स्वीकारोक्ति छ ।

यही ठाउँमा कांग्रेसको पछिल्लो राजनीतिक भाष्य र एमालेको दृष्टिकोणबीच स्पष्ट अन्तर देखिन्छ ।

**एमालेको व्याख्या किन फरक ?**

एमाले अध्यक्ष ओलीले आन्दोलनको सुरुदेखि नै त्यसलाई सरकारविरुद्धको स्वाभाविक युवा असन्तुष्टिभन्दा फरक कोणबाट व्याख्या गर्दै आएका छन् । आन्दोलनपछि उनले भदौ २३ र २४ को घटनालाई षड्यन्त्र भन्दै आएका छन् । पछिल्लो समय उनले ती घटनालाई 'प्रतिगामी षड्यन्त्र'को संज्ञा दिँदै त्यसले वैधानिक सरकारलाई अवैध ढंगले विस्थापित गरेको दाबी गरेका छन् ।

ओलीले भदौ २३-२४ को घटनामा आफूले नागरिकमाथि गोली चलाउन आदेश नदिएको पनि स्पष्ट पारेका छन् । संसद् भवनभित्र सुरक्षा फौजमाथि प्रत्यक्ष आक्रमण भएपछि सुरक्षाकर्मीले कानुनअनुसार बल प्रयोग गर्नुपरेको उनको तर्क छ ।

तर एमालेको राजनीतिक व्याख्या त्यतिमै रोकिएको छैन । फागुन २१ को निर्वाचनलाई जाऔं अन्तिम पृष्ठ

## जेनजी आन्दोलनको एक वर्ष :
# भौतिक पुनर्निर्माण हुँदै, असन्तुष्टिको मूल कारण अझै बाँकी

◆ रायुजा डेक्स

विराटनगर । जेनजी आन्दोलनको एक वर्ष पूरा हुँदा सडकमा उठेको असन्तोषको राजनीतिक प्रभाव जति ठूलो देखिन्छ, त्यस क्रममा भएको भौतिक तथा मानवीय क्षतिको पुनःस्थापना भने अझै अधुरै छ । सरकारी अध्ययनले आन्दोलनका क्रममा सार्वजनिक, निजी तथा सामुदायिक संरचनामा मात्रै ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ बराबरको भौतिक क्षति भएको देखाएको छ । क्षतिग्रस्त संरचनाको मूल्यांकन, मर्मत तथा पुनर्निर्माणको प्रक्रिया अघि बढे पनि एक वर्षमै सबै क्षति पूर्ववत् अवस्थामा फर्काउन सम्भव नभएको अवस्था छ । भौतिक संरचना पुनर्निर्माणसँगै आन्दोलनका क्रममा ज्यान गुमाएका, घाइते भएका र आर्थिक क्षति बेहोरेका नागरिकको दीर्घकालीन पुनःस्थापना अझ ठूलो चुनौतीका रूपमा देखिएको छ ।

सरकारी अध्ययनअनुसार २०८२ भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रका २ हजार ६ सय ७१ वटा भवनमा क्षति पुगेको थियो । त्यसमध्ये संघीय मन्त्रालय तथा विभिन्न सरकारी निकायका ५ सय ९५ र प्रहरी तथा सुरक्षा निकायका ३ सय ९८ भवन प्रभावित भएका थिए । त्यस्तै, सरकारका ८ हजार ४ सय ३० वटा सवारीसाधनमा समेत क्षति पुगेको विवरण सार्वजनिक भएको छ । कुल क्षतिमध्ये सार्वजनिक क्षेत्रमा ४४ अर्ब ९३ करोड ७३ लाख रुपैयाँ, निजी क्षेत्रमा ३३ अर्ब ५४ करोड ८७ लाख रुपैयाँ र सामुदायिक क्षेत्रमा ५ अर्ब ९७ करोड १७ लाख रुपैयाँ बराबरको क्षति भएको सरकारी अध्ययनले देखाएको छ ।

आन्दोलनका क्रममा क्षतिग्रस्त सरकारी संरचनाको मूल्यांकन, मर्मत तथा पुनर्निर्माणको काम सरकारले अघि बढाएको छ । सामान्य क्षति भएका भवन मर्मत गरेर पुनः सञ्चालनमा ल्याउन सकिने भए पनि गम्भीर क्षति भएका संरचनामा प्रबलीकरण तथा पुनर्निर्माणको प्रक्रिया अघि बढाइएको छ । संघीय संरचनाको पुनर्निर्माणका लागि सरकारले आगामी आर्थिक वर्षमा ६ अर्ब रुपैयाँ विनियोजन गरेको छ । सार्वजनिक क्षेत्रका भवन, सवारीसाधन तथा अन्य भौतिक सम्पत्तिको पुनर्निर्माण र मर्मतमा मात्रै ३६ अर्ब ३० करोड रुपैयाँभन्दा बढी खर्च

लाग्ने अनुमान गरिएको थियो । भवन पुनर्निर्माणमा करिब २० अर्ब, सवारीसाधन खरिद तथा मर्मतमा ६ अर्ब १६ करोड ८० लाख र अन्य भौतिक वस्तुमा १० अर्ब १४ करोड ४२ लाख रुपैयाँ खर्च जाऔं अन्तिम पृष्ठ

# प्रधानमन्त्री राहत कोषमा करिब १२ अर्ब जम्मा

**दमक**/ प्रधानमन्त्री राहत कोषमा करिब रु १२ अर्ब जम्मा भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार मङ्गलबार बिहानसम्म प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा रु ११ अर्ब ७७ करोड ६७ लाख ५० हजार २६१ जम्मा भएको हो । अहिले नौ वटा वाणिज्य बैङ्कमा रु आठ अर्ब ५९ करोड १९ लाख चार हजार २२३ मौज्दात छ । राहत कोषमा जम्मा भएको रकमबाट यसअघि रु एक अर्ब रसुवाका बाढीपीडितका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका नाममा निकासा भइसकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । यसैगरी, हिमालयन बैङ्क लिमिटेड र लक्ष्मी सनराइज बैङ्क लिमिटेडमा रहेको डलर खातामा रु दुई करोड ११ लाख आठ हजार ४७१ जम्मा भएको पनि कार्यालयले जनाएको छ ।

## महासभामा प्रधानमन्त्री शाहको सम्बोधन १०७ औं नम्बरमा

**दमक/** संयुक्त राष्ट्रसंघको ८१औं महासभामा प्रधानमन्त्री बालेन्द्र शाहले केही राष्ट्राध्यक्षभन्दा अगाडि सम्बोधन गर्ने अवसर पाएका छन् । असोज ८ गते अपराह्नको सत्रमा नेपालका तर्फबाट सम्बोधन गर्ने प्रधानमन्त्री शाहपछि दुई राष्ट्राध्यक्षले बोल्ने कार्यतालिका तय भएको छ ।

महासभामा सामान्यतः राष्ट्राध्यक्षपछि सरकार प्रमुखले सम्बोधन गर्ने भए पनि यसपटक नेपालले तुलनात्मक रूपमा अगाडि बोल्ने अवसर पाएको हो । संयुक्त राष्ट्रसंघले तयार गरेको तेस्रो वक्ता सूचीमा प्रधानमन्त्री शाहको नाम १०७ औं क्रममा राखिएको छ । महासभा असोज ४ गतेदेखि सुरू हुँदैछ ।

## झापामा इन्सेफ्लाइटिस विरुद्ध असोज ५ देखि खोप

**दमक** । झापामा जापानिज इन्सेफ्लाइटिस (जेइ) संक्रमित बढ्न थालेपछि यसका विरुद्धमा खोप अभियान चलाईएको छ । मस्तिष्क ज्वरोको संक्रमण र मृत्युदर बढेपछि असोज ५ गतेदेखि खोप लगाइने भएको हो । असोज ५ देखि १९ गतेसम्म करिब पाँच लाख नागरिकलाई जेईविरुद्धको खोप लगाउने तयारी गरिएको हो । स्वास्थ्य कार्यालय झापाका अनुसार जिल्लामा जेई संक्रमित १३ जनामध्ये चार महिला र दुई पुरुषको मृत्यु भएको छ । मृत्यु भएपछि उच्च सतर्कता अपनाउँदै खोप अभियान सञ्चालन गर्न लागिएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

**गगन....**समेत ओलीले जेनजी आन्दोलनपछि बनेको राजनीतिक प्रक्रियाको वैधता दिने माध्यमका रूपमा स्वीकार गरेका छैनन् । असारमा उनले उक्त निर्वाचनलाई भदौ २३ र २४ का घटनालाई वैधानिकता दिन मञ्चन गरिएको 'नाटक'का रूपमा व्याख्या गरेका थिए । उनका अनुसार आयोगको प्रतिवेदनले गोली चलाउने आदेश र सुरक्षा संयन्त्र निष्प्रभावी भएको विषय स्पष्ट नगरेकाले घटनाको वास्तविकता ढाकछोप गरिएको छ ।

यसको अर्थ एमालेका लागि समस्या केवल जेनजी आन्दोलनको व्याख्यामा सीमित छैन । आन्दोलनपछि बनेको अन्तरिम सरकार, त्यसपछि भएको निर्वाचन र निर्वाचनबाट आएको नयाँ राजनीतिक शक्तिको वैधतालाई समेत एमालेले प्रश्न गर्दै आएको छ । एमालेले वर्तमान सरकारमाथि प्रतिशोध, स्वेच्छाचारिता र अधिनायकवादी शैली अपनाएको आरोपसमेत लगाउँदै आएको छ ।

**प्रचण्डको भूमिका पनि सहज छैन**

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको जेनजी आन्दोलनप्रतिको दृष्टिकोण एमालेसँग ठ्याक्कै समान भने छैन । तर आन्दोलनले स्थापित गरेको पुरानो राजनीतिक शक्तिविरुद्धको जनमतलाई पूर्ण रूपमा आत्मसात् गरेको अवस्था पनि देखिँदैन ।

जेनजी आन्दोलनपछि भएको राजनीतिक परिवर्तन र निर्वाचनले कांग्रेस(एमालेसहित परम्परागत दलहरूको जनाधारमा ठूलो धक्का पुऱ्यायो । फागुन २१ को निर्वाचनमा रास्वपाले १८२ सिट जित्दा कांग्रेस ३८ र एमाले २५ सिटमा सीमित भए । माओवादी केन्द्रसहितका शक्तिहरूबाट बनेको नेकपा १७ सिटमा सीमित भयो ।

यस्तो परिणामले पुराना दलका लागि जेनजी आन्दोलन केवल सडकमा भएको दुईदिने विद्रोह रहेन । त्यसले मतपेटिकासम्म पुगेर राजनीतिक शक्ति सन्तुलन नै बदलिदियो । बालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठन हुनु त्यसैको सबैभन्दा प्रत्यक्ष राजनीतिक परिणाम बन्यो ।

यही कारण पुराना दलहरूका लागि जेनजी आन्दोलन स्वीकार गर्नु भनेको आफ्नै राजनीतिक असफलताको एउटा अंश स्वीकार गर्नु पनि हुन सक्छ । आन्दोलनले भ्रष्टाचार, नातावाद, कुशासन, पुरानो नेतृत्व शैली र राजनीतिक दलको जवाफदेहितामाथि प्रश्न उठाएको थियो । त्यसैले यसको राजनीतिक म्यान्डेट स्वीकार गर्नु भनेको विगतको शासनशैलीमाथि आत्मसमीक्षा गर्नु हो ।

**कम्युनिस्ट खेमामा किन असहजता ?**

जेनजी विद्रोहलाई कम्युनिस्ट खेमाले सहज रूपमा स्वीकार गर्न नसक्नुको एउटा राजनीतिक कारण आन्दोलनले परम्परागत 'संगठन(नेतृत्व(विचारधारा'को संरचनालाई नै चुनौती दिनु हुन सक्छ । लामो समयदेखि वर्ग, संगठन, पार्टी र नेतृत्वको माध्यमबाट राजनीतिक परिवर्तनको व्याख्या गर्दै आएका दलका अगाडि जेनजी आन्दोलन कुनै स्थापित पार्टीको नेतृत्वबिना व्यापक रूपमा फैलियो ।

त्यसले युवाको राजनीतिक चेतनालाई पार्टीको झण्डाभन्दा बाहिर पनि संगठित गर्न सकिने सन्देश दियो । आन्दोलनपछि भएको निर्वाचनमा त्यसको प्रभाव अझ स्पष्ट भयो । पुराना दलहरूको सट्टा नयाँ राजनीतिक शक्तिले ठूलो जनमत पाउनु त्यसको राजनीतिक प्रमाण हो ।

तर यसलाई 'कम्युनिस्ट भएकै कारण' स्वीकार गर्न नसकेको निष्कर्ष निकाल्नु पर्याप्त हुँदैन । एमाले र माओवादीको फरक राजनीतिक पृष्ठभूमि, आन्दोलनप्रतिको फरक प्रतिक्रिया र पछिल्लो राजनीतिक व्यवहार पनि छुट्टाछुट्टै हेर्नुपर्छ । एमालेले आन्दोलनलाई षड्यन्त्रका रूपमा व्याख्या गर्नुको पछाडि तत्कालीन ओली सरकारको प्रत्यक्ष राजनीतिक जिम्मेवारी र त्यसपछि भएको सत्ता विस्थापन पनि जोडिएको छ । माओवादी भने तत्कालीन सरकारको नेतृत्वमा थिएन, तर पुराना दलमध्ये एक भएकाले आन्दोलनले उठाएको संरचनागत प्रश्नबाट ऊ पनि अछुतो रहेन ।

**कांग्रेसले पनि आफूलाई पूर्णतः दोषमुक्त गरेको छैन**

थापाको पछिल्लो अभिव्यक्तिको विशेषता कांग्रेसलाई आन्दोलनबाट पूर्णतः बाहिर राख्नु होइन । उनले 'आक्रोशलाई समयमा बुझ्न नसक्नुको जिम्मेवार हामी हौँ' भनेर राजनीतिक आत्मस्वीकारोक्ति गरेका छन् । जेनजीको आवाजलाई कुनै दल वा व्यक्तिले आफ्नो स्वामित्वमा लिन नमिल्ने भन्दै उनले कांग्रेसले आफ्नो भागमा परेको जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता जनाएका छन् ।

यसले कांग्रेस र एमालेको पछिल्लो भाष्यबीचको अन्तर देखाउँछ । कांग्रेसले आन्दोलनको मागलाई स्वीकार गर्दै राज्यको बल प्रयोगको छानबिन र दोषीमाथि कारबाहीको कुरा गरिरहेको छ भने एमालेले आन्दोलनको उत्पत्ति र त्यसपछि बनेको राजनीतिक प्रक्रियामाथि नै प्रश्न गरिरहेको छ ।

तर कांग्रेसका लागि पनि जेनजीको समर्थन केवल राजनीतिक अवसर बन्ने खतरा छ । थापाले स्वयं भदौ २३ र २४ का घटनालाई अस्वीकार गर्ने र त्यसबाट राजनीतिक लाभ लिन खोज्ने दुवै प्रवृत्ति गलत भएको बताएका छन् ।

**अब प्रश्न आन्दोलन कसको भन्ने होइन**

एक वर्षपछि जेनजी आन्दोलनलाई लिएर राजनीतिक दलहरूको बहस अझै 'कसको आन्दोलन ?', 'षड्यन्त्र कि विद्रोह ?' भन्ने प्रश्नमै अड्किएको देखिन्छ । तर आन्दोलनमा सडकमा उत्रिएका युवाको प्रश्न भने त्यसभन्दा अगाडि पुगिसकेको छ ।

उनीहरूका लागि मुख्य प्रश्न भ्रष्टाचार घट्यो कि घटेन, सार्वजनिक सेवा सहज भयो कि भएन, रोजगारीको अवसर बढ्यो कि बढेन, राज्य जवाफदेही भयो कि भएन र आन्दोलनका क्रममा भएको मृत्यु तथा दमनको सत्य बाहिर आयो कि आएन भन्ने हो ।

एक वर्षपछि पनि जेनजी अगुवाहरूले आन्दोलनका आधारभूत माग पूर्ण रूपमा सम्बोधन नभएको बताइरहेका छन् । आन्दोलनसँग सरकारले गरेको १० बुँदे सम्झौताको कार्यान्वयनसमेत अझै पूर्ण नभएको उनीहरूको गुनासो छ ।

त्यसैले थापाले उठाएको 'सत्य स्थापित हुनुपर्छ' भन्ने प्रश्न कांग्रेसका लागि मात्र होइन, एमाले, माओवादी, रास्वपा र अहिले शासनमा रहेका नयाँ राजनीतिक शक्तिका लागि पनि परीक्षा हो । जेनजी आन्दोलनको राजनीतिक स्वामित्व कसले लिने भन्नेभन्दा त्यसले उठाएका प्रश्नको जवाफ कसले दिन्छ भन्ने कुरा अब महत्वपूर्ण छ ।

एक वर्षअघि सडकमा उत्रिएको पुस्ताले पुरानो सत्ता बदल्न भूमिका खेल्यो । त्यसको राजनीतिक परिणाम निर्वाचन हुँदै सरकार परिवर्तनसम्म पुग्यो । तर आन्दोलनको वास्तविक सफलता भने सत्ता परिवर्तनले होइन, शासनको शैली, नागरिकको जीवन र राज्यप्रतिको विश्वासमा आएको परिवर्तनले निर्धारण गर्नेछ ।

**गगन....**हुने अनुमान छ ।

राष्ट्रपति निवास, प्रधानमन्त्री निवासका केही भाग, मन्त्री आवास, सर्वोच्च अदालत, गृह मन्त्रालयलगायत महत्वपूर्ण सरकारी संरचनामा पुगेको क्षतिको मर्मत तथा पुनर्निर्माणका काम विभिन्न चरणमा छन् । कतिपय संरचना सामान्य मर्मतपछि सञ्चालनमा आएका छन् भने गम्भीर क्षति भएका संरचनाको पुनर्निर्माणमा अझै समय लाग्ने सरकारी अधिकारीहरूको आकलन छ । ठूला संरचनाको पूर्ण पुनर्निर्माण गर्न अझै दुई वर्षसम्म लाग्न सक्ने अनुमान गरिएको छ । यसले आन्दोलनको एक वर्षपछि पनि भौतिक क्षतिको ठूलो हिस्सा पूर्ण रूपमा पुनःस्थापित भइनसकेको देखाउँछ ।

जेनजी आन्दोलनको प्रभाव काठमाडौंमा मात्र सीमित थिएन । देशका विभिन्न शहरमा सरकारी तथा निजी संरचना तोडफोड र आगजनीमा परेका थिए । झापाको दमकमा आन्दोलनका क्रममा नगरपालिका कार्यालय भवन, सवारीसाधन, एम्बुलेन्सलगायत संरचनामा आगजनी तथा तोडफोड हुँदा करिब २४ करोड रुपैयाँ बराबरको क्षति भएको दमक नगरपालिकाले जनाएको थियो । नगरपालिकाको प्रशासनिक भवन अहिले पुनर्निर्माणको प्रक्रियामा छ । भवन पुनर्निर्माणका लागि १० करोड रुपैयाँ विनियोजन गरिएको नगरपालिकाले जनाएको छ । इलाममा प्रहरी कार्यालय, आन्तरिक राजस्व कार्यालय, ट्राफिक प्रहरी कार्यालय तथा राजनीतिक दलका कार्यालय, केही जनप्रतिनिधि र राजनीतिक व्यक्तिका निवास तथा भाटभटेनी सुपरमार्केटलगायत निजी संरचनामा समेत क्षति पुगेको थियो ।

इलामको प्रहरी कार्यालय र ट्राफिक प्रहरी कार्यालय पुनःस्थापित भइसकेका छन् भने क्षतिग्रस्त अन्य सरकारी कार्यालय वैकल्पिक व्यवस्थाबाट सञ्चालन भइरहेका छन् । तर आगजनी तथा तोडफोडबाट पूर्ण रूपमा ध्वस्त भएका सबै संरचना पूर्ववत् अवस्थामा फर्किसकेका छैनन् । झापाका विभिन्न पालिकामा समेत आन्दोलनका क्रममा सरकारी तथा निजी संरचनामा क्षति पुगेको थियो । यसले जेनजी आन्दोलनको भौतिक प्रभाव राजधानीबाहिरका शहर तथा स्थानीय तहमा समेत गहिरो रहेको देखाउँछ ।

आन्दोलनको ठूलो आर्थिक भार निजी क्षेत्रले समेत बेहोर्नुपरेको छ । सरकारी अध्ययनअनुसार निजी व्यवसाय तथा प्रतिष्ठानमा मात्रै २७ अर्ब ४९ करोड ३ लाख रुपैयाँ बराबरको क्षति भएको छ भने निजी घरपरिवारमा थप ६ अर्ब ५ करोड ८४ लाख रुपैयाँ बराबरको क्षति पुगेको छ । सरकारले आफ्ना संरचनाको पुनर्निर्माणका लागि बजेट छुट्याए पनि निजी व्यवसायीका लागि त्यस्तो प्रत्यक्ष सरकारी स्रोत उपलब्ध छैन । उनीहरू ऋण, आफ्नै पूँजी र बीमाको रकममा निर्भर भएर पुनःस्थापनाको प्रयास गरिरहेका छन् ।

बीमा प्राधिकरणको तथ्याङ्कअनुसार आन्दोलनबाट भएको क्षतिका लागि ३ हजार ६ सय ६४ वटा बीमा दाबीमार्फत २३ अर्ब ५३ करोड रुपैयाँ बराबरको माग परेको थियो । तर नौ महिनापछि त्यसको करिब ७ अर्ब ६२ करोड रुपैयाँ मात्र भुक्तानी भएको थियो । क्षतिको मूल्याङ्कन, सर्भे रिपोर्ट तथा आवश्यक कागजात पूरा गर्न समय लागेकाले दाबी फछ्र्योटमा ढिलाइ भएको बीमा क्षेत्रको भनाइ छ । यसले निजी क्षेत्रको पुनःस्थापनामा बीमा प्रणालीको प्रभावकारिता कति महत्वपूर्ण हुन्छ भन्ने पनि देखाएको छ । व्यवसाय पुनःसञ्चालनका लागि भवन र सामानको पुनर्निर्माण मात्र पर्याप्त हुँदैन । पूँजीको अभाव, कर्मचारी व्यवस्थापन, बजारमा फर्कने चुनौती र ऋणको भारसमेत व्यवसायीले सामना गर्नुपर्छ ।

तर जेनजी आन्दोलनले भौतिक संरचना मात्र भत्काएन, ठूलो मानवीय क्षतिसमेत निम्त्यायो । सरकारी अभिलेखअनुसार आन्दोलनका क्रममा ७७ जनाले ज्यान गुमाएका थिए भने २ हजार ६ सयभन्दा बढी घाइते भएका थिए । घाइतेको तत्काल उपचार र राहत व्यवस्थापन एउटा पक्ष भए पनि गम्भीर घाइतेका लागि दीर्घकालीन स्वास्थ्य सेवा, अपाङ्गता व्यवस्थापन, रोजगारी र परिवारको आयस्रोतमा परेको प्रभाव सम्बोधन गर्नु अर्को ठूलो चुनौती हो । आन्दोलनमा ज्यान गुमाएका परिवारको पीडा रकमले मात्र मापन गर्न सकिँदैन । घाइतेको भविष्य र प्रभावित परिवारको सामाजिक-आर्थिक अवस्थासमेत राज्यको पुनःस्थापना नीतिको हिस्सा बन्नुपर्ने आवश्यकता देखिएको छ ।

जेनजी आन्दोलन भ्रष्टाचार, बेथिति, बेरोजगारी, अवसरको अभाव र राज्यको जवाफदेहितामाथि उठेको असन्तुष्टिको अभिव्यक्ति थियो । आन्दोलनले नेपालको राजनीतिक परिदृश्यमा ठूलो परिवर्तन ल्यायो र त्यसपछि नयाँ सरकार तथा नयाँ राजनीतिक समीकरणको बाटो खुल्यो । तर राजनीतिक परिवर्तनसँगै नागरिकले खोजेको सुशासन, जवाफदेहिता र प्रभावकारी सेवा प्रवाहमा कति सुधार आयो भन्ने प्रश्न अझै बाँकी छ । सरकार र राजनीतिक नेतृत्व परिवर्तन हुनु एउटा उपलब्धि हुन सक्छ, तर आन्दोलनको मूल कारण बनेका समस्या समाधान भएनन् भने असन्तुष्टि फेरि दोहोरिन सक्ने जोखिम रहन्छ ।

आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडलाई कुनै पनि असन्तुष्टिको वैध अभिव्यक्तिका रूपमा स्वीकार गर्न सकिँदैन । सार्वजनिक तथा निजी सम्पत्तिको विनाशले अन्ततः राज्य र नागरिक दुवैमाथि ठूलो आर्थिक भार थपेको छ । त्यसैले भविष्यमा यस्ता घटना दोहोरिन नदिन आन्दोलन व्यवस्थापन, सुरक्षा संयन्त्रको परिचालन, सार्वजनिक सम्पत्तिको सुरक्षा, आपत्कालीन स्वास्थ्य सेवा र संकट व्यवस्थापनका क्षेत्रमा संस्थागत सुधार आवश्यक देखिन्छ । राज्यले नागरिकको असन्तुष्टिलाई समयमै सुन्ने, संवादको वातावरण बनाउने र गुनासो समाधान गर्ने प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्ने पाठ पनि यस घटनाले दिएको छ ।

एक वर्षपछि केही भत्किएका संरचनामा पुनर्निर्माणका संकेत देखिन थालेका छन् । तर जेनजी आन्दोलनले जन्माएको असन्तुष्टिको मूल कारण सम्बोधन नभएसम्म भौतिक पुनर्निर्माण मात्र पर्याप्त हुँदैन । ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँको भौतिक क्षतिको हिसाब कागजमा गर्न सकिएला, तर आन्दोलनमा ज्यान गुमाएका परिवारको पीडा, घाइतेको भविष्य, व्यवसायीको गुमेको पूँजी र राज्यप्रतिको कमजोर हुँदै गएको विश्वासलाई पैसामा मात्र मापन गर्न सकिँदैन ।

## पाठकको पूर्पुरो

ज्योतिष
आशिष नेपाल

मेषः नयाँ कामको अवसर मिल्नेछ, आर्थिक लाभ हुनेछ ।
वृषः पारिवारिक सहयोग पाइनेछ, व्यापारमा प्रगति हुनेछ।
मिथुनः महत्वपूर्ण भेटघाट हुनेछ, काममा सफलता मिल्नेछ।
कर्कटः खर्च बढ्नेछ, स्वास्थ्यमा विशेष ध्यान दिनुहोस् ।
सिंहः जिम्मेवारी बढ्नेछ, मेहनतको राम्रो परिणाम पाइनेछ ।
कन्याः रोकिएका काम बन्नेछन्, नयाँ अवसर प्राप्त हुनेछ ।
तुलाः सामाजिक सम्मान बढ्नेछ, आर्थिक स्थिति सुधारिनेछ।
वृश्चिकः विवादबाट टाढा रहनुहोस्, कार्यमा सफलता मिल्नेछ।
धनुः यात्राको अवसर मिल्नेछ, नयाँ सम्बन्ध बन्नेछन् ।
मकरः आम्दानी बढ्नेछ, व्यवसायमा उत्साहजनक प्रगति हुनेछ ।
कुम्भः नयाँ योजना सफल हुनेछ, सहकर्मीको सहयोग पाइनेछ ।
मीनः मनमा उत्साह बढ्नेछ, प्रेम तथा पारिवारिक सुख मिल्नेछ ।

## साताका चर्चित विश्व घटना

**१. अमेरिका-इरान तनाव थप चर्कियो**

भदौ १७ (सेप्टेम्बर २) मा अमेरिकाले इरानका इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आईआरजीसी) का हवाई प्रतिरक्षा, राडार तथा सञ्चार र समुद्री संरचनालाई लक्षित गरी थप हमला गरेको जनाएको छ । त्यसको जवाफमा इरानले बहराइन, जोर्डन र इराकस्थित अमेरिकी सैन्य सम्पत्तिलाई लक्षित गरेको थियो ।

**२. युक्रेनमा रूसी हवाई हमला तीव्र**

सेप्टेम्बर २ मा रुसले लगातार सातौँ दिन युक्रेनको राजधानी किएभमा ड्रोन हमला गऱ्यो । आक्रमणमा ११ जना घाइते भएका थिए भने आवासीय क्षेत्र र विश्वविद्यालयमा क्षति पुगेको थियो । ओडेसामा पनि विद्युत् संरचनामा आक्रमण हुँदा ठूलो संख्यामा घरधुरी प्रभावित भए ।

**३. टर्कीले चीन-रूस नेतृत्वको सुरक्षा संगठनमा सदस्यता लिन सक्ने संकेत**

टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले चीन र रुस नेतृत्वको सांघाई सहयोग संगठन (एससीओ) मा आफ्नो देशले पूर्ण सदस्यताका लागि सम्बन्ध विस्तार गर्न सक्ने बताएका छन् । उनले यस्तो कदमले टर्कीको नेटोसहित पश्चिमी गठबन्धनसँगको सम्बन्ध भने नबदल्ने स्पष्ट पारे ।

**४. प्रशान्त क्षेत्रमा चीनको क्षेप्यास्त्र परीक्षणले तनाव**

प्रशान्त द्वीप समूह मञ्चको बैठकका क्रममा चीनले प्रशान्त क्षेत्रमा गरेको ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षणलाई लिएर विवाद भयो । मञ्चको आयोजक पलाउले परीक्षणको आलोचना गर्दै क्षेत्रीय देशहरू एकजुट हुनुपर्ने बताएपछि चीनले पलाउले घटनालाई अनावश्यक रूपमा उचालेको आरोप लगायो ।

**५. युक्रेन युद्ध अन्त्यका लागि अमेरिका-रूस वार्ता जारी**

भदौ २० (सेप्टेम्बर ५) मा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी विशेष प्रतिनिधि स्टिभ विट्कफ र जेरेड कुशनरसँग मस्कोमा भेटवार्ता गरे । वार्ताको मुख्य विषय युक्रेन युद्ध अन्त्य गर्ने सम्भावना र शान्ति प्रक्रियामा प्रगति खोज्नु थियो ।

**६. जर्मनीमा दक्षिणपन्थी एएफडीको ऐतिहासिक सफलता**

सेप्टेम्बर ६ मा जर्मनीको स्याक्सोनी-आनहाल्ट राज्यको निर्वाचनमा दक्षिणपन्थी 'अल्टरनेटिभ फर जर्मनी' (एएफडी) सबैभन्दा ठूलो दलका रूपमा उदायो । दोस्रो विश्वयुद्धपछि पहिलोपटक कुनै जर्मन राज्यमा दक्षिणपन्थी दल सत्ताको केन्द्रमा पुग्ने सम्भावना बलियो बनेपछि युरोपेली राजनीतिमा यसको प्रभावबारे बहस चर्किएको छ ।

**७. बेलायत र अमेरिकाबीच युक्रेन युद्धमा युद्धविराम प्रयासबारे छलफल**

सेप्टेम्बर ७ मा बेलायती प्रधानमन्त्री एन्डी बर्नहम र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच युक्रेन-रुस युद्धका विषयमा छलफल भयो । दुवै पक्षले युद्धविरामका लागि संयुक्त प्रयास जारी राख्ने विषयमा सहमति जनाएको बेलायती प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

**८. इजरायलले पूर्वी जेरूसेलमस्थित बेलायती वाणिज्य दूतावास बन्द गर्ने घोषणा**

भदौ २३ (सेप्टेम्बर ८) मा इजरायलले पश्चिमी किनारका इजरायली बस्तीबाट आयात हुने केही वस्तुमा बेलायत, फ्रान्स र क्यानडाले लगाएको प्रतिबन्धको प्रतिक्रियास्वरूप पूर्वी जेरुसेलमस्थित बेलायती वाणिज्य दूतावास बन्द गर्ने घोषणा गऱ्यो । यसले इजरायल र उसका परम्परागत पश्चिमा सहयोगीबीचको कूटनीतिक तनाव थप बढाएको छ ।

**९. बेलायतद्वारा इरानमाथि थप कडा प्रतिबन्धको तयारी**

सेप्टेम्बर ८ मा बेलायतले इरानको आणविक कार्यक्रमलाई लक्षित गर्दै थप कडा प्रतिबन्ध लागू गर्ने कानुनी व्यवस्था सार्वजनिक गऱ्यो । नयाँ व्यवस्थाले इरानको वित्तीय पहुँच, व्यापार, प्रविधि तथा हवाई सेवामा थप प्रतिबन्ध लगाउने लक्ष्य राखेको छ ।

**१०. चीन र बेलायतबीच सम्बन्ध सुधारका लागि उच्चस्तरीय संवाद**

सेप्टेम्बर ८ मा चिनियाँ राष्ट्रपति सी चिनफिङ र बेलायती प्रधानमन्त्री एन्डी बर्नहमबीच पहिलो सार्वजनिक वार्ता भयो । दुवै नेताले प्रविधि, शिक्षा, स्वास्थ्य, वित्त र व्यापारमा सहकार्य बढाउने सम्भावनाबारे छलफल गरेका थिए । यद्यपि मानवअधिकार, घरेलु सुरक्षा र युक्रेन युद्धका विषयमा मतभेद कायमै रहेको जनाइएको छ ।

**११. अमेरिका-चीनबीच एआई सुरक्षाबारे पहिलो औपचारिक संवादको तयारी**

अमेरिका र चीनले उन्नत कृत्रिम बुद्धिमत्ता (एआई) बाट उत्पन्न जोखिम, साइबर आक्रमण र एआई सुरक्षाका विषयमा पहिलो औपचारिक द्विपक्षीय संवादको तयारी गरेका छन् । सेप्टेम्बरको मध्यतिर वार्ता गर्ने तयारी भएको र दुवै देशका एआई प्रयोगशालाबीच जोखिमसम्बन्धी सूचना आदानप्रदानको सम्भावनाबारे समेत छलफल भइरहेको छ ।

**१२. नाइजेरियामा राजनीतिक उत्तराधिकारको बहस चर्कियो**

नाइजेरियाको राजनीतिमा आगामी नेतृत्व र सत्ता हस्तान्तरणलाई लिएर बहस तीव्र बनेको छ । राष्ट्रपति तथा सत्तारूढ दलभित्रको उत्तराधिकारी छनोट र आगामी निर्वाचनलाई लिएर राजनीतिक गतिविधि बढेको विषय अन्तर्राष्ट्रिय समाचारमा चर्चामा रह्यो ।

**१३. नासाको अन्तरिक्ष सुरक्षा तयारीमा विश्वको ध्यान**

अमेरिका, चीन र अन्य शक्तिराष्ट्रहरूले भविष्यमा अन्तरिक्ष क्षेत्रमा हुने सम्भावित द्वन्द्व र सैन्य प्रतिस्पर्धाका लागि तयारी तीव्र बनाइरहेका छन् । उपग्रह, सञ्चार प्रणाली र अन्तरिक्ष पूर्वाधारलाई सम्भावित जोखिमबाट जोगाउने विषय सैन्य रणनीतिको महत्वपूर्ण हिस्सा बन्दै गएको छ ।

**१४. विश्व बजारमा तेलको मूल्यमा पुनः दबाब**

मध्यपूर्वमा अमेरिका-इरान तनाव बढेसँगै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य तीव्र रूपमा बढ्यो । सेप्टेम्बर ७ मा ब्रेन्ट कच्चा तेलको मूल्य प्रतिब्यारेल ९७ डलरभन्दा माथि पुगेको थियो । होर्मुज जलडमरूमध्यमा जहाज आवागमन प्रभावित हुन सक्ने चिन्ताले विश्वव्यापी ऊर्जा आपूर्तिबारे थप चिन्ता बढाएको छ ।

**१५. अमेरिकामा ९/११ हमलाको २५औँ वर्षगाँठको स्मरण**

अमेरिकाले सेप्टेम्बर ११, २००१ को आतंकवादी हमलाको २५औँ वर्षगाँठका अवसरमा स्मरण कार्यक्रम आयोजना गऱ्यो । करिब ३ हजार मानिसको ज्यान गएको उक्त घटनाले अमेरिकी सुरक्षा नीति मात्र होइन, विश्व राजनीतिमा समेत दीर्घकालीन प्रभाव पारेको थियो ।

साप्ताहिक विश्व समाचारको मुख्य ट्रेन्ड हेर्दा, यस अवधिमा अमेरिका-इरान द्वन्द्व, युक्रेन युद्ध, युरोपमा दक्षिणपन्थी राजनीतिको उदय र चीनसँग पश्चिमी मुलुकको बदलिँदो सम्बन्ध प्रमुख अन्तर्राष्ट्रिय विषय बनेका छन् । विशेषगरी मध्यपूर्वको तनावले विश्व बजार र ऊर्जा सुरक्षामा समेत प्रभाव पार्न थालेको देखिन्छ ।

QR CODE SET
हाम्रा सोसल मिडिया तथा अनलाईमान गएर हेर्नें, पढ्ने गर्नुहोस्
WEBSITE — www.fastmedianepal.com
ePAPER — www.fastmedianepal.com/epaper
FACEBOOK — facebook.com/yuvajagarannews
YOUTUBE — youtube.com/@FastmediaNepal
EMAIL SIGNATURE
युवा जागरण मिडिया प्रा.लि.
9862144975
news.yuvajagarn@gmail.com
fastmedianepal@gmail.com
www.fastmedianepal.com
facebook.com/yuvajagarannews
youtube.com/@FastmediaNepal
www.fastmedianepal.com/epaper

**भगवान्‌बाट दया चाहने हो भने पहिले बालक, वृद्ध, असहाय, रोगी र अशक्तको हितमा ध्यान पर्छ। भगवान्‌ले दया गरून् भन्ने आशा चाहि राख्ने आफूले गर्नुपर्ने काममा भने ध्यान नदिनु भनेको अन्याय हो। नीतिवाक्य**

युवा जागरण मिडिया प्रा.लि. द्वारा प्रकाशित
राष्ट्रिय युवा जागरण साप्ताहिक
राष्ट्र, राष्ट्रियता र लोकतन्त्रप्रति प्रतिबद्ध

प्रधान सम्पादक : खगेन्द्र कार्की
डेक्स प्रमुख : सुप्रिया राई, संवाददाता सृजना कार्की
कानुनी सल्लाहकार : केदार कार्की (अधिवक्ता/कानुन व्यवसायी)
साजसज्जा : राष्ट्रिय युवा जागरण डेक्सटप
कार्यालय : विराटनगर, बरगाछी मोरङ,
मुद्रण: सामुदायिक अफसेट प्रेस, इटहरी
सम्पर्क : मोबाइल नं. ९८६२१४४९७५,
इटहरी कार्यालय : इटहरी-८, सुनसरी
फोन नं. ०२५-५८८६३२, मोबाइल नं. ९८६२१४४९७५
इमेल : yuvajagaranmedia@gmail.com
Website: fastmedianepal.com
Facebook : Rastriya yuva Jagaran Online Patrika

## सम्पादकीय

# विपत्तिको मार र जलवायु न्यायको प्रश्न

नेपालले भोटेकोशीमा भोगेको अकल्पनीय बाढी केवल एउटा प्राकृतिक विपत्ति होइन, जलवायु परिवर्तनले निम्त्याएको संकटको गम्भीर संकेत पनि हो। तीन वर्षअघि नेपाल भ्रमणका क्रममा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेसले जलवायु परिवर्तनका कारण नेपालजस्ता कमजोर मुलुकले विकसित राष्ट्रहरुको औद्योगिक गतिविधिको मूल्य चुकाउनुपरिरहेको बताएका थिए। पछिल्लो विपत्तिले उनको त्यो चिन्तालाई अझ गम्भीर बनाएको छ।

हिमालमा हिउँ घट्दै जानु, हिमतालको जोखिम बढ्नु र अस्वाभाविक प्राकृतिक घटना दोहोरिनु जलवायु परिवर्तनका स्पष्ट संकेत हुन्। संसारका ८ हजार मिटरभन्दा अग्ला १४ हिमशिखरमध्ये आठ नेपालमै छन्। त्यसैले हिमाली क्षेत्रमा हुने परिवर्तनको प्रत्यक्ष असर नेपालले बेहोर्नुपर्छ। यसपटक पनि नेपालको सीमाभन्दा उत्तरतर्फ तिब्बतमा हिमपहिरो गएर हिमतालमा परेको र त्यसपछि ताल फुट्दा भोटेकोशीमा भयावह बाढी आएको देखिएको छ।

तर विपत्तिको कारण जलवायु परिवर्तन भए पनि मानवीय क्षति कम गर्न राज्यको तयारी र उद्धार संयन्त्र प्रभावकारी हुनुपर्छ। एक साताभन्दा बढी समय बितिसक्दा पनि सयौं मानिसको अवस्था यकिन हुन नसक्नु गम्भीर विषय हो। सुरुङ तथा आयोजनाभित्र फसेकाहरुको उद्धारमा सम्बन्धित प्राविधिक र कर्मचारीको विशेषज्ञता उपयोग गर्न नसक्नु तथा विदेशी विशेषज्ञको सहयोग लिन ढिलाइ हुनुजस्ता प्रश्नले सरकारको कार्यक्षमतामाथि स्वाभाविक प्रश्न उठाएका छन्।

मन्त्रीहरु उद्धारस्थलमा पुग्नु आफैंमा गलत होइन। तर संकटका बेला लोकप्रियता खोज्नेभन्दा उद्धार, समन्वय र निर्णय क्षमतामा सरकारको ध्यान केन्द्रित हुनुपर्छ। हराएका व्यक्तिको खोजी, क्षतिको यकिन विवरण, पुनःस्थापना र राहत व्यवस्थापनमा राज्यले स्पष्ट योजना देखाउन आवश्यक छ।

यो विपत्तिले अर्को महत्वपूर्ण प्रश्न पनि उठाएको छ– जलवायु परिवर्तनको मूल्य कसले तिर्ने? अत्यधिक कार्बन उत्सर्जन गर्ने औद्योगिक राष्ट्रहरुले जलवायु संकटको ठूलो हिस्सा सिर्जना गरेका छन् भने त्यसको असर नेपालजस्ता न्यून उत्सर्जन गर्ने मुलुकले भोगिरहेका छन्। त्यसैले नेपालले हरित जलवायु कोषलगायत अन्तर्राष्ट्रिय संयन्त्रमार्फत क्षतिपूर्तिको दाबी सशक्त रुपमा अघि बढाउनुपर्छ।

मित्रराष्ट्रबाट प्राप्त सहयोग स्वागतयोग्य छ। तर सहयोग र क्षतिपूर्ति एउटै कुरा होइनन्। जलवायु न्याय नेपालका लागि दया होइन, अधिकारको विषय हो। अहिले सशक्त आवाज उठाउन सकिए भविष्यका लागि समेत एउटा अन्तर्राष्ट्रिय नजिर बन्न सक्छ। विपत्तिबाट पाठ सिकेर राज्यले उद्धार र पूर्वतयारी बलियो बनाउनुका साथै जलवायु न्यायको मुद्दालाई अन्तर्राष्ट्रिय मञ्चमा दृढतापूर्वक उठाउन ढिला गर्नु हुँदैन।

# जेनजी विद्रोह : विद्रोह मात्र होइन, परिवर्तनको आन्दोलन



खगेन्द्र कार्की
khagendrakarki075@gmail.com

खगेन्द्र कार्की

नेपालमा २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनलाई केवल सामाजिक सञ्जालमाथिको प्रतिबन्धको विरोध, तत्कालीन सरकारविरुद्धको आकस्मिक विद्रोह वा त्यसक्रममा भएका हिंसा र विध्वंसका घटनाका रूपमा मात्र बुझ्नु अपूरो हुन्छ। यसको पृष्ठभूमिमा लामो समयदेखि नेपाली समाजमा जम्दै आएको राजनीतिक असन्तुष्टि, भ्रष्टाचारप्रतिको आक्रोश, कमजोर सुशासन, रोजगारीको अभाव, अवसरको असमानता र स्थापित राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वास जोडिएको थियो। त्यसैले जेनजी आन्दोलनलाई बुझ्न भदौ २३ र २४ का घटनामात्र हेरेर पुग्दैन, त्यसअघि निर्माण भएको राजनीतिक संस्कार, राज्य सञ्चालनको शैली र नागरिक तथा राजनीतिक दलबीच बढ्दै गएको दूरीलाई समेत वस्तुगत रूपमा हेर्न आवश्यक हुन्छ।

२०७९ को निर्वाचनपछि पटक(पटक बदलिएको सत्ता समीकरणका बीच २०८१ असारमा नेपाली कांग्रेस र नेकपा एमालेबीच नयाँ सत्ता सहकार्यको समझदारी भयो। दुई ठूला दलले राजनीतिक स्थायित्व, सुशासन, भ्रष्टाचार नियन्त्रण, विकास निर्माण र संविधान संशोधनलाई प्रमुख उद्देश्यका रूपमा अघि सारे। सहमतिअनुसार सुरुमा एमाले अध्यक्ष केपी शर्मा ओलीले सरकारको नेतृत्व गर्ने र त्यसपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेतृत्व सम्हाल्ने समझदारी बनेको थियो। प्रतिनिधिसभामा कांग्रेस(एमाले गठबन्धनसँग दुई तिहाइभन्दा बढी सांसदको समर्थन थियो। तर संविधान संशोधनका लागि राष्ट्रिय सभाको अंकगणित पनि महत्वपूर्ण हुने भएकाले यसलाई संघीय संसद्का दुवै सदनमा समान दुई तिहाइ भएको सरकारका रूपमा बुझ्नु सही हुँदैन। राष्ट्रिय सभामा यी दुई दलसँग सामान्य बहुमतसमेत थिएन। तर राजनीतिक अंकगणितभन्दा महत्वपूर्ण कुरा जनअपेक्षा थियो। लामो राजनीतिक अस्थिरतापछि बनेको दुई ठूला दलको सरकारबाट नागरिकले स्थायित्व, सुशासन र परिणाममुखी शासनको अपेक्षा गरेका थिए। समय बित्दै जाँदा अपेक्षाअनुसार राजनीतिक संस्कारमा निर्णायक परिवर्तन हुन नसकेको गुनासो बढ्दै गयो।

नेपालको २०४६ सालपछिको राजनीतिक अभ्यासलाई हेर्दा कांग्रेस, एमाले र पछि माओवादीसहितका ठूला दलहरूबीच सत्ता साझेदारी, सरकार निर्माण र विघटन, राजनीतिक नियुक्ति र शक्ति बाँडफाँटको चक्र लामो समयदेखि चल्दै आएको छ। त्यसैले समस्यालाई केवल कुनै एउटा दल वा सरकारको कमजोरीमा सीमित गर्नु पर्याप्त हुँदैन। यो समग्र राजनीतिक संस्कारकै समस्या हो। नयाँ पुस्ताले यही पुरानो संस्कारलाई प्रश्न गर्न थालेको थियो। उनीहरूको प्रश्न केवल कुन पार्टी सत्तामा छ भन्ने थिएन। प्रश्न थियो(राजनीति नागरिकका लागि के गर्दैछ, राज्यले युवालाई देशभित्रै भविष्य देखाउने वातावरण किन बनाउन सकेको छैन, शासन किन पारदर्शी र जवाफदेही बन्न सकेको छैन र राजनीतिक नेतृत्वले जनतासँग गरेको प्रतिबद्धताको परिणाम किन देखिँदैन ?

नेपालमा सडक, पुल, खानेपानी तथा अन्य पूर्वाधार निर्माण भएका छन् र विकासका यी उपलब्धिलाई अस्वीकार गर्न मिल्दैन। तर विकासको मूल्याङ्कन संरचना बनेको वा बजेट खर्च भएको आधारमा मात्र गर्न सकिँदैन। त्यसको गुणस्तर, वातावरणीय प्रभाव, भू(उपयोग, दीर्घकालीन उपयोगिता र विपद् जोखिम पनि उत्तिकै महत्वपूर्ण हुन्छन्। विशेषगरी पहाडी क्षेत्रमा जथाभावी सडक खन्ने, खोला तथा नदी किनारमा अनियोजित बस्ती र बजार विस्तार गर्ने तथा वनक्षेत्रमाथि बढ्दो दबाबले प्राकृतिक जोखिम बढाउन सक्ने चिन्ता लामो समयदेखि उठ्दै आएको छ। कुनै एउटा प्राकृतिक विपत्तिको कारण यही हो भनेर निष्कर्ष निकाल्न वैज्ञानिक अध्ययन आवश्यक हुन्छ। तर विकास र वातावरणबीच सन्तुलन कायम नगर्ने प्रवृत्तिले भविष्यमा जोखिम बढाउन सक्छ भन्ने पाठलाई बेवास्ता गर्न सकिँदैन। यसले जेनजी पुस्ताको असन्तुष्टिसँग जोडिएको अर्को महत्वपूर्ण प्रश्न देखाउँछ(देश विकास भइरहेको छ भने त्यसको प्रत्यक्ष लाभ र सुरक्षित भविष्य युवाले किन महसुस गर्न सकेका छैनन् ?

जेनजी आन्दोलनको अर्को महत्वपूर्ण पृष्ठभूमि सुशासनको प्रश्न हो। राज्यका स्रोत, अवसर र सार्वजनिक संस्थामा राजनीतिक पहुँच भएकाहरूको प्रभाव बढेको अनुभूति आम नागरिकमा बलियो हुँदै जाँदा राजनीतिक प्रणालीप्रतिको विश्वास कमजोर हुन्छ। ठेक्कापट्टा, राजनीतिक नियुक्ति, सार्वजनिक संस्थामाथिको दलगत प्रभाव र भ्रष्टाचारसम्बन्धी आरोपले यही प्रश्न उठाएका छन्। अन्तर्राष्ट्रिय भ्रष्टाचार सूचकांकहरूले पनि नेपालमा सुशासनको चुनौती कायम रहेको देखाउँदै आएका छन्। तर यहाँ एउटा महत्वपूर्ण सावधानी आवश्यक छ। भ्रष्टाचारका आरोप र प्रमाणित भ्रष्टाचार एउटै कुरा होइनन्। सबै नेता वा कार्यकर्तालाई भ्रष्ट ठहर गर्नु गलत हुन्छ। त्यसैगरी राजनीतिक संरक्षणका कारण वास्तविक भ्रष्टाचारका घटनालाई अनुसन्धानबाट जोगाउनु पनि त्यत्तिकै खतरनाक हुन्छ। त्यसैले समाधान आरोपमा होइन, स्वतन्त्र अनुसन्धान, प्रमाण र निष्पक्ष कारबाहीमा खोजिनुपर्छ। नागरिकले राज्यलाई निष्पक्ष र जवाफदेही ठानेनन् भने असन्तुष्टि अन्ततः सडकमा व्यक्त हुनु स्वाभाविक हुन्छ।

यही पृष्ठभूमिमा जेनजी पुस्ताको असन्तुष्टि सतहमा आयो। भदौ २३ गतेको प्रदर्शन सामाजिक सञ्जालमाथिको प्रतिबन्ध, भ्रष्टाचार र शासनप्रतिको असन्तुष्टिसँग जोडिएको थियो। त्यस दिन सुरक्षाकर्मीको बल प्रयोगपछि स्थिति गम्भीर बन्यो। उपलब्ध आधिकारिक विवरणअनुसार पहिलो दिन १९ जनाको मृत्यु भएको थियो। त्यसपछि भदौ २४ गते आन्दोलन देशव्यापी रूपमा फैलिँदै हिंसा, आगजनी, तोडफोड र लुटपाटका घटनासम्म पुग्यो। पछि सार्वजनिक सरकारी विवरणअनुसार दुई दिनको घटनामा कुल ७६ जनाको मृत्यु भएको तथ्य उल्लेख गरिएको छ। त्यसैले 'भदौ २३ गते ७७ जना विद्यार्थी युवामाथि गोली चलाएर हत्या गरियो' भन्ने दाबीलाई तथ्यका रूपमा प्रस्तुत गर्नु उचित हुँदैन। उपलब्ध विवरणअनुसार ७६ जना दुई दिनको समग्र घटनामा मृत्यु भएका हुन् र ती सबै विद्यार्थी वा प्रदर्शनकारी मात्र थिएनन्। आन्दोलनसम्बन्धी पछिल्ला जाँचबुझमा आन्दोलनकारीबाटै केही व्यक्तिको मृत्यु भएको विवरणसमेत सार्वजनिक भएको छ। यसको अर्थ राज्यको बल प्रयोगमाथि प्रश्न उठाउनु गलत होइन। बरु यसको अर्थ अझ गम्भीर छ(यस्तो ठूलो मानवीय क्षतिसम्बन्धी सत्य राजनीतिक नाराले होइन, प्रमाण र निष्पक्ष अनुसन्धानले स्थापित गर्नुपर्छ।

जेनजी आन्दोलनलाई केवल तोडफोड, आगजनी र हिंसाका घटनाबाट परिभाषित गर्नु न्यायोचित हुँदैन। तर आन्दोलनको नाममा भएका हिंसात्मक गतिविधिलाई परिवर्तनको नाममा वैध ठहर गर्नु पनि उत्तिकै गलत हुन्छ। नेपालको इतिहासमा ठूला राजनीतिक परिवर्तनका आन्दोलनहरू पूर्णतः हिंसामुक्त थिएनन्। २०४६ सालको जनआन्दोलनदेखि २०६२/६३ को जनआन्दोलनसम्म राज्यसत्ता र आन्दोलनकारीबीच टकराव तथा हिंसाका विभिन्न घटना भएका थिए। माओवादी सशस्त्र द्वन्द्वको दसवर्षे कालखण्डमा त राज्य र विद्रोही दुवै पक्षबाट गम्भीर हिंसा भएका तथ्यहरू छन्। तर इतिहासबाट एउटा कुरा बुझ्नुपर्छ( कुनै आन्दोलनमा हिंसा भयो भन्दैमा त्यसले उठाएका सबै राजनीतिक प्रश्न अवैध हुँदैनन् र कुनै आन्दोलनले राजनीतिक परिवर्तन ल्यायो भन्दैमा त्यस क्रममा भएका हिंसात्मक अपराध स्वतः वैध हुँदैनन्। यी दुई कुरा छुट्याउन सक्नु नै परिपक्व लोकतन्त्रको परिचय हो।

त्यसैले जेनजी आन्दोलनको राजनीतिक चरित्र र आन्दोलनका क्रममा भएका अपराधलाई एउटै तराजुमा राख्नु हुँदैन। आगजनी, लुटपाट, सार्वजनिक तथा निजी सम्पत्तिको विनाश र निर्दोष नागरिकमाथिको आक्रमण स्वीकार्य हुन सक्दैन। तर ती घटनालाई देखाएर युवाले उठाएका भ्रष्टाचार, सुशासन, रोजगारी, अवसर र राजनीतिक जवाफदेहिताका प्रश्नलाई पनि अस्वीकार गर्न मिल्दैन। कुनै आन्दोलनमा अपराधजन्य घटना भए भन्दैमा त्यस आन्दोलनले उठाएका राजनीतिक, सामाजिक र पुस्तागत प्रश्नहरू नै अवैध हुँदैनन्। जेनजी आन्दोलनले मूलतः राज्य कसका लागि हो, राजनीति कसका लागि हो र शासनको अन्तिम उद्देश्य के हो भन्ने प्रश्न उठाएको हो।

जेनजी आन्दोलनलाई नियोजित, सुनियोजित, आतंककारी वा विध्वंसकारी योजनाका रूपमा मात्र व्याख्या गर्ने प्रयास पनि भएको छ। तर यस्ता दाबीलाई निष्कर्षका रूपमा स्वीकार गर्नुअघि प्रमाण आवश्यक हुन्छ। राजनीतिक दलहरूभित्र लामो समयदेखि चल्दै आएको गुटगत संघर्ष, एकअर्कालाई कमजोर बनाउने प्रतिस्पर्धा र सत्ताका लागि हुने आन्तरिक टकरावले घटनाको दिशालाई प्रभावित गरेको हुनसक्ने आशंका सार्वजनिक रूपमा उठ्न सक्छ। एमाले, कांग्रेस र माओवादीभित्रका विभिन्न शक्ति समूहको भूमिकाबारे पनि प्रश्न उठ्न सक्छन्। तर आशंका र प्रमाणबीचको दूरी महत्वपूर्ण हुन्छ। कसैलाई दोषी देखाएर आफू चोखिने वा राजनीतिक प्रतिशोधका आधारमा आरोप लगाउने प्रवृत्तिले सत्य स्थापित गर्दैन।

त्यसैले भदौ २३ र २४ का घटनाबारे स्वतन्त्र र विश्वसनीय अनुसन्धान आवश्यक छ। कसले कहाँ, किन र कसरी हिंसा भड्कायो? प्रदर्शनकारीमाथि बल प्रयोग गर्ने निर्णय कसरी भयो? सरकारी तथा निजी सम्पत्तिमाथि आगजनी र तोडफोड गर्नेहरू को थिए? त्यसमा व्यक्तिगत अपराध, संगठित समूह वा राजनीतिक स्वार्थको भूमिका थियो कि थिएन? तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको निवास, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको निवासलगायत संवेदनशील स्थानमा भएका घटनाको वास्तविक पृष्ठभूमि के थियो? यी प्रश्नको उत्तर अनुमानले होइन, प्रमाणले दिनुपर्छ। कसैलाई दोषी देखाएर आफू चोखिने वा राजनीतिक स्वार्थअनुसार आ(आफ्नो कथा निर्माण गर्ने प्रवृत्तिले इतिहासलाई थप धुमिल बनाउँछ।

सामाजिक सञ्जालमा भदौ २३ र २४ लाई लिएर दुई फरक भाष्य देखिन्छन्। कतिपयले भदौ २३ लाई कालो दिन र भदौ २४ लाई उज्यालो दिनका रूपमा व्याख्या गरेका छन्। २०४६ र २०६२/६३ का निर्णायक दिनहरूलाई जसरी ऐतिहासिक परिवर्तनका दिनका रूपमा सम्झिन्छौं, त्यसैगरी भदौ २४ पनि नेपालको राजनीतिक इतिहासमा महत्वपूर्ण मोडका रूपमा स्थापित हुन सक्ने तर्क गरिएको छ। तर इतिहासलाई तत्कालै अन्तिम अर्थ दिन सकिँदैन। भदौ २४ का घटनाहरू नभएको भए त्यतिबेलाको राजनीतिक परिवर्तन सम्भव हुन्थ्यो कि हुँदैनथ्यो भन्ने प्रश्नको निश्चित उत्तर इतिहासले नै दिनेछ। यद्यपि आन्दोलनले सिर्जना गरेको तीव्र राजनीतिक दबाब र त्यसपछि आएको सत्ता परिवर्तनलाई हेर्दा भदौ २४ लाई घटनाक्रमको निर्णायक मोड मान्ने आधार भने देखिन्छ। तर त्यस दिनको राजनीतिक परिणामले अघिल्लो दिनको मानवीय क्षतिलाई मेटाउँदैन। राजनीतिक उपलब्धि र मानवीय त्रासदीलाई एउटै हिसाबले मूल्याङ्कन गर्न मिल्दैन।

जेनजी आन्दोलनको सबैभन्दा ठूलो सन्देश सत्ता परिवर्तनभन्दा पनि शासनको चरित्र परिवर्तन हो। राजनीतिक दलहरूले अब केवल चुनाव जितेर शासन गर्ने सोचबाट माथि उठ्नुपर्छ। युवालाई चुनावी भीड, सामाजिक सञ्जालको शक्ति वा पार्टी सदस्यका रूपमा मात्र हेर्ने होइन, नीति निर्माणका साझेदारका रूपमा स्वीकार गर्नुपर्छ। रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा, उद्यमशीलता, पारदर्शिता, सार्वजनिक सेवा सुधार र भ्रष्टाचार नियन्त्रण घोषणापत्रका शब्द मात्र भएर पुग्दैनन्। नागरिकले तिनको परिणाम आफ्नो दैनिक जीवनमा देख्न पाउनुपर्छ। सत्तामा को पुग्छ भन्ने प्रश्नभन्दा सत्ताले के गर्छ भन्ने प्रश्न महत्वपूर्ण हुनुपर्छ। कुन पार्टी ठूलो छ भन्नेभन्दा कुन पार्टीले नागरिकको जीवनमा के परिवर्तन ल्यायो भन्ने आधारमा राजनीतिक मूल्याङ्कन हुनुपर्छ। नेतृत्वको उमेर, गुट र पहुँचभन्दा क्षमता, इमानदारी र परिणामलाई प्राथमिकता दिने राजनीतिक संस्कार विकास गर्नुपर्छ।

जेनजी आन्दोलनलाई न त केवल अराजकताको घटना भनेर खारेज गर्न मिल्छ, न त त्यसमा भएका सबै हिंसालाई परिवर्तनको नाममा सही ठहर गर्न सकिन्छ। यसलाई नयाँ पुस्ताले पुरानो राजनीतिक संस्कारमाथि गरेको गम्भीर प्रश्नका रूपमा बुझ्नुपर्छ। आन्दोलनको वैधता हिंसाबाट होइन, यसले उठाएका प्रश्न, जनसहभागिता र त्यसपछि गर्नुपर्ने संस्थागत सुधारबाट स्थापित हुन्छ। त्यसका लागि राज्यको बल प्रयोगबारे निष्पक्ष छानबिन, आन्दोलनका क्रममा भएका सबै मृत्यु र हिंसाको तथ्यपरक अनुसन्धान, सार्वजनिक तथा निजी सम्पत्तिमाथिको अपराधमा कानुनी कारबाही, राजनीतिक प्रभावबाट संस्थाहरूलाई मुक्त गर्ने प्रयास, भ्रष्टाचारमाथि निष्पक्ष अनुसन्धान, युवाका लागि रोजगारी र उद्यमका अवसर तथा विकासलाई दीर्घकालीन योजना र वातावरणीय जिम्मेवारीसँग जोड्ने नीति अपरिहार्य छन्।

सबैभन्दा महत्वपूर्ण कुरा, राजनीतिक दलहरूले जनआक्रोशलाई अर्को चुनावसम्म पर्खेर बिर्सने गल्ती गर्नु हुँदैन। यदि आन्दोलनपछि पनि राजनीतिक दलहरू पुरानै सत्ताकेन्द्रित राजनीतिमा फर्किए भने जेनजी आन्दोलनको मूल सन्देश अधुरै रहनेछ। तर राज्यले नागरिकको आवाज सुन्ने, संस्थाहरूलाई स्वतन्त्र र जवाफदेही बनाउने, भ्रष्टाचारमाथि निष्पक्ष कारबाही गर्ने, युवालाई देशभित्रै अवसर दिने र विकासलाई दीर्घकालीन तथा वातावरणीय जिम्मेवारीसँग जोड्ने बाटो समात्यो भने यो आन्दोलन नेपालको इतिहासमा एउटा निर्णायक चेतावनी मात्र नभई सुधारको सुरुवात बन्न सक्छ।

जेनजी आन्दोलनलाई आतंक वा षड्यन्त्रको चस्माबाट मात्र हेर्नु जति गलत हुन्छ, त्यसका नाममा भएका हिंसा र अपराधलाई गौरवीकरण गर्नु पनि त्यति नै गलत हुन्छ। इतिहासले दुवै पक्षको तथ्य खोज्छ। अन्ततः जेनजी आन्दोलनको वास्तविक मूल्याङ्कन भदौ २३ र २४ का सडकमा मात्र हुने छैन। यसको मूल्याङ्कन त्यसपछि नेपाल कति बदलियो भन्ने कुराले हुनेछ। आक्रोशले सडक तताउन सक्छ, तर देश बदल्ने काम संस्थागत सुधारले मात्र गर्छ। त्यसैले अब प्रश्न 'को दोषी ?' मा मात्र सीमित हुनु हुँदैन। प्रश्न हुनुपर्छ(हिजोका गल्तीबाट सिकेर हामी कस्तो नेपाल निर्माण गर्ने?

# भदौ १७ देखि २३ गतेसम्म सात दिनमा देशभर के-के भयो ?

**भदौ १७ गते – बुधबार । बाढीको खोजी र राहत मुख्य प्राथमिकता**

१. भोटेकोशी-त्रिशूली बाढीपछि जारी खोज तथा उद्धारलाई सरकारले तीव्र बनायो।

२. प्रधानमन्त्रीले संसद्मा विपद्पछिको उद्धार, राहत र पुनःस्थापनाबारे जानकारी दिए।

३. प्रधानमन्त्रीले राज्यका सबै संयन्त्र पूर्ण क्षमतामा परिचालन गरिएको बताए।

४. प्रतिनिधिसभामा भोटेकोशी बाढीबारे विशेष प्रस्ताव प्रस्तुत भयो।

५. बाढीमा मृत्यु तथा बेपत्ता भएकाप्रति संसद्ले दुःख व्यक्त गऱ्यो।

६. बाढी प्रभावित क्षेत्रमा सुरक्षाकर्मीको खोजी अभियान जारी रह्यो।

७. रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत क्षेत्रमा शव खोज्ने काम तीव्र पारियो।

८. बाढीबाट क्षतिग्रस्त सडक र पुल पुनः सञ्चालनका लागि काम अघि बढाइयो।

९. नेपाली सेनाको इन्जिनियरिङ टोली पुनःस्थापनामा परिचालन भयो।

१०. नुवाकोटको देवीघाटस्थित तादी नदीमा बेलिब्रिज निर्माण अघि बढ्यो।

११. काठमाडौं उपत्यकामा ग्यास आपूर्ति सहज बनाउन २०० ट्रक परिचालन गर्ने तयारी गरियो।

१२. बाढीपीडितका लागि निजी क्षेत्रबाट सहयोग घोषणा हुने क्रम जारी रह्यो।

१३. रिद्धिसिद्धि र सौर्य सिमेन्टले राहत कोषमा एक करोड एक लाख रुपैयाँ सहयोग घोषणा गरे।

१४. अभिनेता सोनु सुदले त्रिशूली पुगेर प्रभावित परिवारलाई सहयोग गर्ने प्रतिबद्धता जनाए।

१५. पर्यटन क्षेत्रमा परेको बाढीको प्रभावबारे संसदीय समितिमा छलफलको तयारी भयो।

**भदौ १८ गते – बिहीबार । संसद्, शोक र उद्धार**

१६. प्रतिनिधिसभाको बैठक बस्यो।

१७. नेपाल-भारत दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी सम्झौता संसद्मा प्रस्तुत गर्ने कार्यसूची बन्यो।

१८. बालश्रमसम्बन्धी विधेयकमाथि छलफल अघि बढ्यो।

१९. सरकारले भदौ २३ गते सार्वजनिक बिदा दिने निर्णय गऱ्यो।

२०. भदौ २३ लाई जेनजी शहीद दिवसका रूपमा मनाउने निर्णय भयो।

२१. प्रतिनिधिसभाको बैठक भदौ २४ गतेसम्मका लागि स्थगित भयो।

२२. भोटेकोशी बाढीका शवको पहिचान चुनौतीपूर्ण बन्यो।

२३. शव पहिचानका लागि डीएनए परीक्षण र अन्य वैज्ञानिक विधिको आवश्यकता बढ्यो।

२४. बाढी प्रभावित क्षेत्रमा खोजी अभियान निरन्तर रह्यो।

२५. कालीकोटको शान्तिघाट खोलामा बाढी आएपछि करिब डेढ सय परिवारलाई सुरक्षित स्थानमा सारियो।

२६. बाढीपीडितको राहतका लागि एफवानसफ्ट ग्रुपले एक करोड ३५ लाख रुपैयाँ सहयोग गऱ्यो।

२७. राष्ट्रिय खेलकुद पत्रकार मञ्चको पल्सर स्पोर्ट्स अवार्डमा एरिका गुरुङलगायत खेलाडी सम्मानित भए।

२८. बाढीपीडितको मानसिक स्वास्थ्यसम्बन्धी विषय पनि बहसमा आयो।

२९. बाढीबाट प्रभावित परिवारका पीडाका कथा सार्वजनिक हुँदै गए।

३०. विभिन्न संघसंस्था र निजी क्षेत्र राहत अभियानमा जोडिए।

**भदौ १९ गते – शुक्रबार । उद्धारमा आशा र पीडा दुवै**

३१. भोटेकोशी बाढी प्रभावित क्षेत्रमा खोजी तथा उद्धार जारी रह्यो।

३२. सुरुङमा मानिस जीवितै रहेको हुनसक्ने आशाले उद्धार प्रयास तीव्र पारियो।

३३. त्रिशूली-३ 'ए' को सुरुङमा नेपाली सेना र विद्युत् प्राधिकरणका कर्मचारी परिचालन भए।

३४. रसुवागढी हाइड्रोपावर क्षेत्रमा उद्धार उपकरण पुऱ्याउन मौसम बाधक बन्यो।

३५. बाढीमा उपचाररत दुई जनाको मृत्यु भयो।

३६. चीनतर्फ फसेका थप १५५ नेपाली तातोपानी नाका हुँदै स्वदेश फर्किए।

३७. चीनले नेपालसँग आपतकालीन मौसम सूचना निरन्तर आदानप्रदान गर्ने प्रतिबद्धता जनायो।

३८. बाढीबाट प्रभावित जलविद्युत् आयोजना पुनः सञ्चालनबारे चिन्ता बढ्यो।

३९. बाढीको क्षतिले नेपालको ऊर्जा उत्पादनमा गम्भीर असर पार्ने देखियो।

४०. मारुती सिमेन्ट्सले राहत कोषमा एक करोड ११ लाख रुपैयाँ सहयोग गऱ्यो।

४१. पार्ले प्रोडक्ट्सले १४ लाख ४० हजार रुपैयाँ बराबरको खाद्य सामग्री सहयोग गऱ्यो।

४२. सिरहाका पाँच पालिकाले बाढीपीडितका लागि ५१ लाख रुपैयाँभन्दा बढी सहयोग घोषणा गरे।

४३. बाढी प्रभावित क्षेत्रको पर्यटन पुनरुत्थानबारे बहस सुरु भयो।

४४. शरद ऋतुका लागि हिमाल आरोहण अनुमति खुलाउन थालियो।

४५. बुद्ध एयरको नयाँ सिरिजको जहाजले व्यावसायिक उडान सुरु गऱ्यो।

४६. फुटबलर भरत खवास मेजर पदमा बढुवा भए।

४७. नेपाल भलिबल लिग सुरु भयो।

४८. सुदूरपश्चिममा गौरा पर्वको मुख्य दिन अठवाली मनाइयो।

४९. राष्ट्रपति रामचन्द्र पौडेलले मौलिक पर्वले विविधतामा एकता बढाउने बताए।

५०. पेप्सीकोलास्थित एक कटेजमा मध्यराति आगलागी भयो।

**भदौ २० गते – शनिबार । बाढीको क्षति झन् भयावह**

५१. रसुवा बाढीमा भेटिएका शवको संख्या १ हजार ३४४ पुगेको विवरण सार्वजनिक भयो।

५२. करिब पाँच हजार मानिस अझै सम्पर्कविहीन रहेको विवरण आयो।

५३. नुवाकोटको तादीमा नेपाली सेनाले बेलिब्रिज निर्माण तीव्र बनायो।

५४. उद्धार टोलीले सुरुङभित्र फसेकाको खोजी जारी राख्यो।

५५. बेत्रावती क्षेत्रमा ६४ वर्षीया चन्द्रिका श्रेष्ठलाई भग्नावशेषबाट जीवितै उद्धार गरियो। यो घटनाले देशभर आशा जगायो।

५६. सुरुङबाट चिनियाँ नागरिक लु हाइताओलाई पनि जीवित उद्धार गरिएको विवरण सार्वजनिक भयो।

५७. बाढीले भत्काएका सडक, पुल र विद्युत् संरचनाको पुनर्निर्माणमा ध्यान केन्द्रित भयो।

५८. चीनसँगको सीमावर्ती क्षेत्रमा उद्धार तथा आवागमन सहज बनाउने काम भयो।

५९. बाढीपीडितका लागि स्वदेश तथा विदेशबाट आर्थिक सहयोग आउने क्रम बढ्यो।

६०. बेलायतमा रहेका नेपाली समुदायले राहत संकलन अभियान चलाए।

६१. एनभिडियाका प्रमुख जेन्सेन ह्वाङले नेपालका बाढीपहिरो राहतका लागि ठूलो सहयोग घोषणा गरे।

६२. बाढीको अन्तर्राष्ट्रिय प्रभावबारे नेपालले जलवायु न्यायको प्रश्न उठाउन थाल्यो।

६३. डुम्रे-बैंसीसहर सडक दुई लेनमा विस्तार गर्ने काम अघि बढ्यो।

६४. नेपाल 'ए' टोली दक्षिण अस्ट्रेलियासँग पराजित भयो।

६५. कराते खेलाडीलाई आगामी अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि प्रोत्साहन गरियो।

६६. बाढीका कारण परिवार गुमाएका बालबालिकाको पीडा सार्वजनिक हुन थाल्यो।

६७. राहतसँगै दीर्घकालीन पुनःस्थापनाको आवश्यकता देखिन थाल्यो।

**भदौ २१ गते – आइतबार । खोजी, सडक र राष्ट्रिय बहस**

६८. भोटेकोशी बाढीमा १ हजार ३४१ शव फेला परेको प्रहरी विवरण सार्वजनिक भयो।

६९. ती शवमध्ये ३२५ महिला र ५२३ पुरुष रहेको विवरण आयो।

७०. ४९३ आंशिक मानव अंग फेला परेको प्रहरीले जनाएको थियो।

७१. ९ हजार १५१ जनाको उद्धार भइसकेको विवरण सार्वजनिक भयो।

७२. विभिन्न होल्डिङ सेन्टरमा ३ हजार ९८ जना राखिएको थियो।

७३. नुवाकोटमा विस्थापितका लागि होल्डिङ सेन्टर व्यवस्थापनमा छलफल भयो।

७४. रसुवागढी हाइड्रोपावरका सम्पर्कविहीन व्यक्तिको खोजीमा रक क्लाइम्बर टोली परिचालन गरियो।

७५. कर्णाली राजमार्गमा गगने खोलाको पहिरोका कारण यातायात अवरुद्ध भयो।

७६. मनास्लु र लार्केपास यात्रा तत्काल नगर्न प्रशासनले आग्रह गऱ्यो।

७७. वैकल्पिक मार्गबाट काठमाडौंमा पेट्रोलियम पदार्थ र एलपी ग्यास ल्याउन थालियो।

७८. बाढीका कारण आपूर्ति प्रणालीमा परेको असरबारे आयल निगमले जानकारी दियो।

७९. कांग्रेसले तल्लो तहका अधिवेशनको मिति सार्ने तयारी गऱ्यो।

८०. नुवाकोटको सिर्खलीमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भयो।

८१. बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य तथा सरसफाइको चुनौती बढ्यो।

८२. जोखिमयुक्त बस्ती सार्ने विषयमा सरकारभित्र छलफल तीव्र भयो।

८३. बाढीपीडितलाई दीर्घकालीन आवास उपलब्ध गराउने बहस सुरु भयो।

८४. अन्तर्राष्ट्रिय समुदायबाट थप उद्धार उपकरण माग्ने तयारी अघि बढ्यो।

८५. नेपालले विपद्को क्षतिलाई जलवायु परिवर्तनसँग जोडेर अन्तर्राष्ट्रिय मञ्चमा उठाउन थालेको थियो।

**भदौ २२ गते – सोमबार । राष्ट्रिय शोकको दिन**

८६. देशभर राष्ट्रिय शोक मनाइयो।

८७. बाढीमा ज्यान गुमाएकाको सम्झनामा राष्ट्रिय झण्डा झुकाइयो।

८८. राष्ट्रपति रामचन्द्र पौडेलले रसुवा र नुवाकोटका बाढी प्रभावित क्षेत्रको निरीक्षण गरे।

८९. राष्ट्रपति पौडेलले राष्ट्रका नाममा सम्बोधन गरे।

९०. विपद्मा एकताबद्ध हुन राष्ट्रपतिले आह्वान गरे।

९१. जलवायु न्यायका लागि अन्तर्राष्ट्रिय समुदायसँग सहयोग मागियो।

९२. नेपालले उद्धारका लागि अन्तर्राष्ट्रिय समुदायसँग थप उपकरण माग्यो।

९३. सुरुङभित्रको खोजीलाई 'ब्रेक थ्रु' नभएसम्म जारी राख्ने नेपाली सेनाले जनाएको थियो।

९४. त्रिशूली-३ 'बी' मा लेदो र हिलोका कारण उद्धार कठिन बन्यो।

९५. बेत्रावतीका विस्थापित जंगलमा टेन्ट टाँगेर बस्न बाध्य भए।

९६. स्वास्थ्य बीमा सहज बनाउँदै बाढी प्रभावितका लागि सहभुक्तानी र क्यापिङ हटाउने निर्णय भयो।

९७. १३१ सांसदले तलब कटाएर बाढीपीडितलाई सहयोग गरेको विवरण आयो।

९८. नेपाली कांग्रेसले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक करोड रुपैयाँ सहयोग गऱ्यो।

९९. चीनले काठमाडौंस्थित दूतावासमा श्रद्धाञ्जली कार्यक्रम आयोजना गऱ्यो।

१००. बाढीको अफवाह र फेक भिडियो नियन्त्रण गर्न प्रहरीले विशेष टोली परिचालन गऱ्यो।

१०१. काठमाडौंमा रात्रिकालीन सार्वजनिक यातायात विस्तारको प्रस्ताव अघि आयो।

१०२. कर्णाली राजमार्गका विभिन्न खण्ड पहिरोका कारण अवरुद्ध भए।

१०३. बारामा डिभाइडरमा जिप ठोक्किँदा चालकको मृत्यु भयो।

१०४. भक्तपुरमा वृद्ध दम्पतीलाई बन्धक बनाएर डकैती गरेको आरोपमा पाँच जना पक्राउ परे।

१०५. महाकालीमा टिकटक भिडियो बनाउने क्रममा एक किशोरी बेपत्ता भइन्।

१०६. गोठाटारको प्रतीक्षालयमा एक पुरुष मृत फेला परे।

१०७. ललितपुरमा मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु भयो।

१०८. अस्ट्रेलियाली संसदमा नेपालको बाढीबारे चर्चा भयो।

१०९. विदेशमन्त्री पेनी वङले काठमाडौंमा परिवार सहायता केन्द्र स्थापना गर्ने प्रतिबद्धता जनाइन्।

११०. कञ्चनपुर र डडेल्धुरामा धेरै भारी वर्षाको चेतावनी दिइयो।

भदौ २३ गते – मंगलबार । जेनजी स्मृति र विपद्को खोजी जारी

१११. जेनजी आन्दोलनमा ज्यान गुमाएकाहरूको सम्झनामा देशभर विभिन्न कार्यक्रम भए।

११२. राजधानीमा शहीद परिवार तथा आफन्तले श्रद्धाञ्जली अर्पण गरे।

११३. विभिन्न स्थानमा दीप प्रज्वलन गरियो।

११४. सरकारले जेनजी शहीद दिवसका रूपमा सार्वजनिक बिदा दिएको दिन स्मृति कार्यक्रम केन्द्रित रह्यो।

११५. प्रधानमन्त्रीले जेनजीलाई सम्बोधन गर्दै सुशासन कायम हुने प्रतिबद्धता जनाए।

११६. जेनजी आन्दोलनको एक वर्षपछि आन्दोलनको उपलब्धि र सरकारको कार्यशैलीबारे बहस भयो।

११७. पूर्वप्रधानमन्त्री तथा दलका नेताहरूले आन्दोलनको समीक्षा गरे।

११८. एमाले नेता शंकर पोखरेलले बाढीको मानवीय क्षतिमा सरकारको भूमिकामाथि प्रश्न उठाए।

११९. प्रचण्डले जेनजी आन्दोलनसम्बन्धी प्रतिवेदन सरकारले लुकाएको आरोप लगाए।

१२०. जेनजी आन्दोलनको छानबिन प्रतिवेदन कार्यान्वयन नभएको विषय चर्चामा आयो।

१२१. सरकार र जेनजीबीचको सम्बन्धबारे नयाँ बहस सुरु भयो।

१२२. प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा करिब १२ अर्ब रुपैयाँ मौज्दात रहेको विवरण सार्वजनिक भयो।

१२३. रसुवा बाढीपीडितका लागि राहत कोषमा रकम थपिँदै गयो।

१२४. जलविद्युत् आयोजनाका सुरुङमा फसेका मानिसको खोजीलाई निरन्तरता दिइयो।

१२५. चिलिमे जलविद्युत् आयोजनाको उद्धार अवस्था राष्ट्रिय चासोको विषय बन्यो।

१२६. किम्रुङ खोलामा पहिरो खसेर बहाव थुनिएपछि आसपासका बस्तीमा प्रहरीबाट माइकिङ गरियो।

१२७. कर्णाली राजमार्गको गगने खोलाको पहिरो हटाएर यातायात सञ्चालन गरियो।

१२८. कान्ति राजमार्गको टार्कुर्चे खण्ड पहिरोका कारण अवरुद्ध भयो।

१२९. मधेशका १५४ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको विवरण सार्वजनिक भयो।

१३०. जापानमा नेपाली युवती हत्या प्रकरणमा तीन नेपाली पक्राउ परेको समाचार आयो।

१३१. एसपीलाई धम्क्याएको आरोपमा नेता अशोक यादव पक्राउ परे।

१३२. कांग्रेसको जिल्ला तथा प्रदेश अधिवेशन केन्द्रीय महाधिवेशनपछि गर्ने तयारी भयो।

१३३. अरिंगालको पहिरोमा परी घर फर्किरहेका विद्यार्थीको मृत्यु भयो।

१३४. माइतीघरमा एक महिलाले आत्मदाह प्रयास गरेको घटना सार्वजनिक भयो।

१३५. नेपालले बाढी प्रभावितका लागि अन्तर्राष्ट्रिय सहयोग र जलवायु न्यायको आवाज अझ बलियो बनायो।

१३६. साँझ मुस्ताङको लोमन्थाङ आसपास केन्द्र भएर ५.३ रेक्टर स्केलको भूकम्प गएको विवरण सार्वजनिक भयो।

१३७. बाढी प्रभावित क्षेत्रबाट विद्युत्, सडक र सञ्चार पुनःस्थापनाको काम जारी रह्यो।

१३८. बाढीपीडित विस्थापितको अस्थायी आवास र खाद्यान्न व्यवस्थापन प्रमुख चुनौती बन्यो।

१३९. राहत वितरणमा पारदर्शिता र वास्तविक पीडित पहिचानको प्रश्न उठिरह्यो।

१४०. साताको अन्त्यसम्म विपद् उद्धारबाट राहत, पुनःस्थापना र पुनर्निर्माणतर्फ प्रवेश गर्ने चरणमा पुगेको देखियो।

**सात दिनको निष्कर्ष**

भदौ १७ देखि २३ सम्मको नेपाल मूलतः दुईवटा विषयको बीचमा रह्यो– एकातिर भोटेकोशी बाढीको पीडा र उद्धार-पुनःस्थापनाको संघर्ष, अर्कोतिर जेनजी आन्दोलनको पहिलो वार्षिकी।

साताको सुरुमा सरकार र सुरक्षा निकायको मुख्य ध्यान बेपत्ताको खोजी, शव संकलन र सुरुङ उद्धारमा थियो। त्यसपछि सडक, पुल, विद्युत्, सञ्चार र राहतको पुनःस्थापनातर्फ ध्यान बढ्यो। बेत्रावतीमा ११ दिनपछि जीवित महिला भेटिनु र जलविद्युत् सुरुङबाट मानिस जीवितै उद्धार हुनु यो दुःखद साताका आशाका घटना बने।

अर्कोतर्फ भदौ २२ को राष्ट्रिय शोक र भदौ २३ को जेनजी शहीद स्मृति दिवसले देशलाई एकैपटक विपद्को पीडा र राजनीतिक परिवर्तनको स्मरणमा केन्द्रित गऱ्यो। भदौ २३ सम्म आइपुग्दा बाढीपछिको उद्धार मात्र पर्याप्त नभई हजारौँ विस्थापितको पुनःस्थापना, ध्वस्त पूर्वाधार निर्माण, बेपत्ताको खोजी, शव पहिचान र मानसिक स्वास्थ्य अबको मुख्य चुनौतीका रूपमा देखिए।

## क्षेत्रगत साताका घटना

**१. राष्ट्रिय विपद् तथा बाढी-पहिरो**

- यो साताको सबैभन्दा ठूलो राष्ट्रिय घटना भोटेकोशी बाढी र त्यसबाट भएको मानवीय तथा भौतिक क्षति रह्यो।
- रसुवा, नुवाकोट, धादिङ, चितवन, गोरखा, तनहुँ तथा नवलपरासीसम्म बाढीले ठूलो क्षति पुऱ्यायो।
- बेपत्ता नागरिकको खोजी, शव संकलन तथा पहिचानको काम साताभर जारी रह्यो।
- भदौ २२ सम्म नेपाल प्रहरीले १ हजार ३ सय ५४ शव फेला परेको जनाएको थियो।
- भदौ २३ सम्म विभिन्न समाचार स्रोतले मृतकको संख्या १ हजार ३ सय ५७ पुगेको उल्लेख गरे।
- हजारौँ नागरिक अझै सम्पर्कविहीन रहेको विवरण सार्वजनिक भयो।
- बाढीमा पुरिएका घर, सडक, पुल र जलविद्युत् संरचनामा खोजी जारी रह्यो।
- बेत्रावतीमा ६४ वर्षीया चन्द्रिका श्रेष्ठलाई बाढी आएको ११ दिनपछि जीवित उद्धार गरिएको घटना साताकै सबैभन्दा आशाजनक घटनामध्ये रह्यो।
- जलविद्युत् आयोजनाका सुरुङमा फसेका मजदुरको खोजी तथा उद्धार जारी रह्यो।
- नेपालमा उद्धारका लागि कोरिया, अमेरिका, चीनलगायतबाट उपकरण तथा प्राविधिक सहयोग आयो।
- अमेरिकी सेनाका विमानले लोडरसहितका उद्धार उपकरण ल्याए।
- कोरियाली खोज तथा उद्धार टोली नेपाल आयो।

निष्कर्ष : यो सातामा बाढी 'उद्धारको चरण'बाट क्रमशः राहत, पुनःस्थापना र पुनर्निर्माणको चरणतर्फ प्रवेश गरेको देखियो।

**२. राजनीति तथा सरकार**

भदौ १७-२३ को राजनीतिक क्षेत्र पनि विपद्कै वरिपरि केन्द्रित रह्यो।

- प्रधानमन्त्रीले प्रतिनिधिसभामा भोटेकोशी बाढीबारे सरकारको काम र क्षतिको विवरण प्रस्तुत गरे।
- संसद्मा बाढी तथा विपद्बारे विशेष छलफल भयो।
- सरकारका विभिन्न निकायलाई खोज तथा उद्धारमा परिचालन गरिएको विवरण दिइयो।
- गण्डकी प्रदेशमा मन्त्रिपरिषद् हेरफेर भयो।
- कांग्रेसभित्रको आन्तरिक विवाद र देउवा समूहको बैठक चर्चामा रह्यो।
- कांग्रेसको जिल्ला तथा प्रदेश अधिवेशन केन्द्रीय महाधिवेशनपछि गर्ने निर्णयतर्फ पार्टी अघि बढ्यो।
- जेनजी आन्दोलनको एक वर्ष पुगेको सन्दर्भमा आन्दोलनका उपलब्धि र त्यसपछिको राजनीतिक अवस्थामाथि बहस भयो।
- सरकारको सुशासन, भ्रष्टाचार नियन्त्रण र जेनजी आन्दोलनको माग कार्यान्वयनबारे राजनीतिक दलबीच मतभेद देखियो।
- भदौ २३ लाई जेनजी शहीद दिवसका रूपमा स्मरण गरियो।
- विभिन्न राजनीतिक दल तथा नेताहरूले आन्दोलनमा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गरे।

**३. अर्थतन्त्र तथा वित्तीय क्षेत्र**

- बाढीले अर्थतन्त्रका विभिन्न क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको साताको मुख्य आर्थिक विषय बन्यो।
- बैंकिङ तथा वित्त
- बैंकिङ क्षेत्रमा तरलता व्यवस्थापनका विषयमा नेपाल राष्ट्र बैंकका गतिविधि चर्चामा रहे।
- हिमालयन बैंकको अध्यक्षमा डा. बैकुण्ठ अर्याल निर्वाचित भए।
- बीमा
- भोटेकोशी बाढीबाट भएको क्षतिको बीमा दाबी २५ अर्ब ८७ करोड रुपैयाँ पुगेको विवरण सार्वजनिक भयो।
- बीमा कम्पनीहरूले बाढीपीडितलाई अग्रिम भुक्तानी उपलब्ध गराउने प्रक्रिया अघि बढाए।

**राहतमा निजी क्षेत्र**

हिमालयन बैंकले बाढीपीडितका लागि ३ करोड रुपैयाँ सहयोग गऱ्यो।

उद्योग तथा व्यवसायीहरूले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने क्रम जारी राखे।

विदेशमा रहेका नेपाली तथा विदेशी व्यक्तिहरूबाट पनि राहत सहयोग आयो।

**४. पूर्वाधार तथा यातायात**

- बाढी र पहिरोले सडक तथा पुलमा ठूलो असर पारेकोले यातायात क्षेत्र अत्यन्त प्रभावित रह्यो।
- केरुङ नाकासम्मको सडक सञ्चालनमा आएपछि उद्धारका भारी उपकरण प्रभावित क्षेत्रमा पुऱ्याउन सहज भयो।
- नुवाकोटमा बेलिब्रिज निर्माण अघि बढाइयो।
- बाढीले क्षतिग्रस्त पुलको स्थानमा तुइन, बेलिब्रिज तथा अस्थायी पुल निर्माण गरियो।
- कर्णाली राजमार्गको गगने खोलाको पहिरो हटाएर यातायात सञ्चालन गरियो।
- कान्ति राजमार्गको टार्कुर्चे खण्ड पहिरोका कारण अवरुद्ध रह्यो।
- पृथ्वी राजमार्ग अवरुद्ध भएपछि ग्यास ढुवानीका लागि वैकल्पिक मार्ग प्रयोग गर्नुपऱ्यो।
- स्याङ्जाको साउन्दी झोलुङ्गे पुलमा पहिरोका कारण आवतजावत प्रभावित भयो।
- नारायणी नदीको कटान रोक्न बिग बोल्डर राख्ने काम भयो।

**५. ऊर्जा तथा जलविद्युत्**

- यो सातामा जलविद्युत् क्षेत्रको क्षति छुट्टै राष्ट्रिय चिन्ताको विषय बन्यो।
- भोटेकोशी बाढीले जलविद्युत् आयोजनामा ठूलो क्षति पुऱ्यायो।
- केही आयोजनाका सुरुङ तथा संरचनामा मानिस फसे।
- सुरुङभित्र लेदो, ढुंगा र पानी भरिएकाले उद्धार अत्यन्त कठिन बन्यो।
- आयोजनाका कर्मचारी तथा कामदारको खोजी जारी रह्यो।
- क्षतिग्रस्त आयोजना पुनः सञ्चालन गर्न लामो समय लाग्न सक्ने अवस्था देखियो।
- बाढीबाट विद्युत् उत्पादन तथा प्रसारण संरचनामा परेको क्षतिले ऊर्जा सुरक्षामाथि पनि प्रश्न उठायो।
- प्रधानमन्त्रीले समेत जलविद्युत् क्षेत्रमा भएको क्षतिलाई अकल्पनीय स्तरको भएको बताएका थिए।

**६. मौसम तथा वातावरण**

- देशका विभिन्न भागमा वर्षा र पहिरोको जोखिम कायम रह्यो।
- महाकाली नदीमा पानीको बहाव खतराको तहभन्दा माथि पुगेको समाचार आयो।
- पहाडी तथा हिमाली क्षेत्रमा थप पहिरोको जोखिमबारे सचेत गराइयो।
- बाढीपछि हिमाली क्षेत्रमा हुने सम्भावित विपद्बारे नयाँ बहस सुरु भयो।
- हिमनदी विज्ञानलाई नेपालको सुरक्षा नीतिमा समेट्नुपर्ने आवाज उठ्यो।
- चीन-नेपाल सीमावर्ती क्षेत्रमा भएको प्राकृतिक विपद्लाई जलवायु परिवर्तनसँग जोडेर अध्ययन गर्नुपर्ने विषय चर्चामा आयो।
- बाढीको दीर्घकालीन कारण, हिमताल तथा हिमनदी विस्फोटको जोखिमबारे बहस तीव्र भयो।

# जेनजी विद्रोह यता एक वर्षमा के के भए ?



**१. भदौ २३, २०८२ – जेनजी आन्दोलनको सुरुआत**
सामाजिक सञ्जालमाथिको प्रतिबन्ध, भ्रष्टाचार, बेथिति, राजनीतिक पहुँच र सुशासनको मागसहित युवाहरू सडकमा उत्रिए। काठमाडौंलगायत देशका विभिन्न स्थानमा भएको प्रदर्शनमा ठूलो संख्यामा जेनजी पुस्ताको सहभागिता भयो। पहिलो दिनको प्रहरी दमन र जनधनको क्षतिले आन्दोलनलाई थप उग्र बनायो।

**२. भदौ २४ – आन्दोलन देशव्यापी, सरकार संकटमा**
भदौ २४ गते प्रदर्शन थप व्यापक भयो। सरकारी तथा निजी संरचनामा आगजनी र तोडफोड भए। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि राजनीतिक संक्रमणको बाटो खुल्यो। आन्दोलनले पुरानो राजनीतिक नेतृत्व र शासन प्रणालीमाथि गम्भीर प्रश्न खडा गर्‍यो।

**३. भदौ २७ – सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार गठन**
जेनजी आन्दोलनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गरियो। उनी नेपालको पहिलो महिला प्रधानमन्त्रीसमेत बनिन्। उनलाई सीमित अवधिमा सरकार सञ्चालन गरी प्रतिनिधिसभाको निर्वाचन गराउने जिम्मेवारी दिइएको थियो।

**४. अन्तरिम सरकारको प्रारम्भिक मन्त्रिपरिषद् गठन**
सुशीला कार्की नेतृत्वको सरकारले परम्परागत राजनीतिक दलका नेताभन्दा बाहिरबाट विज्ञ तथा गैरदलीय पृष्ठभूमिका व्यक्तिलाई मन्त्रिपरिषद्मा ल्याउनेप्रयास गर्‍यो। रमेश्वर खनाललाई अर्थ, ओमप्रकाश अर्याललाई गृह र कुलमान घिसिङलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी दिइयो।

**५. विज्ञ तथा गैरराजनीतिक व्यक्तिको मन्त्रिपरिषद् विस्तार**
सरकारले क्रमशः महावीर पुन, अनिलकुमार सिन्हा, मदनप्रसाद परियार र जगदीश खरेललगायतलाई मन्त्रिपरिषद्मा समेट्यो। शिक्षा तथा विज्ञानमा महावीर पुन, उद्योग/वाणिज्य तथा आपूर्तिमा अनिलकुमार सिन्हा, कृषिमा मदन परियार र सञ्चार तथा सूचना प्रविधिमा जगदीश खरेललाई जिम्मेवारी दिइयो। यसलाई जेनजीले उठाएको 'पुरानो राजनीतिक संरचनाभन्दा फरक शासन'को मागसँग जोडेर हेरियो।

**६. जेनजी आन्दोलनको छानबिन आयोग गठन**
आन्दोलनका क्रममा भएको जनधनको क्षति, बल प्रयोग, मृत्यु तथा हिंसात्मक घटनाको छानबिन गर्न सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वमा जाँचबुझ आयोग गठन गर्‍यो। आन्दोलनका घटनाको जिम्मेवारी र त्यसमा संलग्न पक्षबारे अनुसन्धान गर्ने काम अघि बढ्यो।

**७. घाइतेको पहिचान, उपचार र राहतको सरकारी अभियान**
सरकारले आन्दोलनमा घाइते भएका व्यक्तिको विवरण संकलन, उपचार तथा परिचयपत्र वितरणको प्रक्रिया अघि बढायो। घाइतेलाई वर्गीकरण गरी राहत र उपचारमा सहजीकरण गर्ने प्रयास गरियो। यसै क्रममा स्वास्थ्य संस्थामार्फत घाइतेको उपचार तथा विवरण अद्यावधिक गर्ने काम पनि अघि बढ्यो।

**८. क्षतिग्रस्त सरकारी संरचनाको पुनर्निर्माण**
आन्दोलनका क्रममा जलेका तथा क्षतिग्रस्त सरकारी कार्यालय, अदालत, स्थानीय तहका संरचना र अन्य सार्वजनिक सम्पत्तिको क्षति मूल्यांकन सुरु भयो। विभिन्न प्रदेश र स्थानीय तहले आफ्ना क्षतिग्रस्त संरचना पुनर्निर्माणका लागि बजेट छुट्याउन थाले। यसले जेनजी आन्दोलनपछि सरकारसामु रहेको ठूलो भौतिक पुनर्निर्माणको चुनौतीलाई उजागर गर्‍यो।

**९. नागरिक समाज र मानव अधिकार संस्थाको निगरानी**
मानव अधिकार संस्था, नागरिक समाज र गैरसरकारी संस्थाहरूले आन्दोलनका क्रममा भएको बल प्रयोग, मृत्यु, घाइते, पक्राउ तथा मानव अधिकारको अवस्थाबारे अध्ययन तथा अनुगमन थाले। आन्दोलनका मागलाई सुशासन, जवाफदेहिता, मानव अधिकार र लोकतान्त्रिक सुधारसँग जोडेर नागरिक बहस अघि बढाइयो।

**१०. जेनजीभित्रै राजनीतिक संगठन र नेतृत्वको खोजी**
आन्दोलनपछि जेनजी समूहभित्र 'अब सडकको आन्दोलनलाई राजनीतिक परिवर्तनमा कसरी रूपान्तरण गर्ने ?' भन्ने बहस सुरु भयो। केही समूहले गैरदलीय नागरिक अभियानलाई निरन्तरता दिने पक्ष लिए भने केही युवाहरू राजनीतिक दल तथा निर्वाचन प्रक्रियामा सहभागी हुने बाटोतर्फ गए।

**११. बालेन् शाहको राजनीतिक उभार**
काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र शाह जेनजी आन्दोलनपछि वैकल्पिक राजनीतिक शक्तिको प्रमुख सम्भावित नेतृत्वका रूपमा चर्चामा आए। अन्ततः उनी राष्ट्रिय स्वतन्त्र पार्टीमा आबद्ध हुँदै प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुने बाटोमा अघि बढे। पछि रास्वपाले उनलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गर्‍यो।

**१२. निर्वाचनको तयारी र राजनीतिक दलहरुको पुनर्संरचना**
सुशीला कार्की नेतृत्वको सरकारले निर्वाचनलाई मुख्य जिम्मेवारी बनायो। निर्वाचन आयोगले मतदाता नामावली, निर्वाचन क्षेत्र, दल दर्ता, उम्मेदवारी र निर्वाचन व्यवस्थापनसम्बन्धी काम अघि बढायो। पुराना दलका साथै जेनजी आन्दोलनको पृष्ठभूमिबाट आएका नयाँ राजनीतिक शक्ति र अभियान पनि चुनावी मैदानमा उत्रिए।

**१३. फागुन २१, २०८२ – प्रतिनिधिसभा निर्वाचन**
अन्तरिम सरकारको मुख्य जिम्मेवारीअनुसार प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो। निर्वाचनले आन्दोलनपछि नेपाली मतदाताले राजनीतिक दल तथा नेतृत्वप्रति राखेको धारणा प्रत्यक्ष रूपमा व्यक्त गर्ने अवसर दियो। निर्वाचनमा नयाँ पुस्ता र वैकल्पिक राजनीतिक शक्तिप्रति उल्लेख्य आकर्षण देखियो।

**१४. निर्वाचन परिणाम – रास्वपाको अभूतपूर्व सफलता**
निर्वाचन परिणामले राष्ट्रिय स्वतन्त्र पार्टीलाई प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल बनायो। रास्वपाले प्रत्यक्षतर्फ १२५ सिट जित्यो भने समानुपातिकतर्फ ५७ सिट पायो। कुल १८२ सिटसहित रास्वपा दुईतिहाइका लागि आवश्यक १८४ सिटभन्दा केवल दुई सिटले पछाडि रह्यो। नेपाली कांग्रेस ३८, एमाले २५, नेपाली कम्युनिस्ट पार्टी १७, श्रम संस्कृति पार्टी ७ र राप्रपा ५ सिटमा सीमित भए।

**१५. जेनजी आन्दोलनको राजनीतिक परिणामका रुपमा बालेन्द्र शाहको उदय**
निर्वाचनअघि नै रास्वपाले बालेन्द्र शाहलाई प्रधानमन्त्रीका रूपमा अघि सारेको थियो। झापा-५ बाट उम्मेदवार बनेका बालेनले एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई पराजित गरे। रास्वपाले संसद्मा स्पष्ट बहुमत प्राप्त गरेपछि उनी संसदीय दलको नेता चयन भए र प्रधानमन्त्री बन्ने बाटो खुलेको थियो।

**१६. चैत १३, २०८२ – बालेन्द्र शाह प्रधानमन्त्री**
राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६(१) अनुसार प्रतिनिधिसभामा बहुमत प्राप्त दलका नेता बालेन्द्र शाहलाई प्रधानमन्त्री नियुक्त गरे। ३६ वर्षीय बालेन नेपालको बहुदलीय लोकतान्त्रिक इतिहासमा निर्वाचित भएर प्रधानमन्त्री बन्ने सबैभन्दा युवा नेतामध्ये एक बने। जेनजी आन्दोलनपछि सडकबाट उठेको असन्तुष्टि निर्वाचनमार्फत नयाँ राजनीतिक नेतृत्वमा रूपान्तरण भएको महत्वपूर्ण क्षणका रूपमा यसलाई हेरियो।

**१७. बालेन नेतृत्वमा १५ सदस्यीय मन्त्रिपरिषद्**
बालेन्द्र शाह नेतृत्वमा १५ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। प्रधानमन्त्री शाहले रक्षा र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय आफैँसँग राखे। स्वर्णिम वाग्ले अर्थ, सुधन गुरुङ गृह, शिशिर खनाल परराष्ट्र, विराजभक्त श्रेष्ठ ऊर्जा, जलस्रोत तथा सिँचाइ, सोविता गौतम कानुन, प्रतिभा रावल सामान्य प्रशासन, विक्रम तिमिल्सिना सञ्चार, दीपक साह श्रम, सस्मित पोखरेल शिक्षा, खड्गराज पौडेल संस्कृति/पर्यटन, गीता चौधरी कृषि, सीता बादी महिला तथा बालबालिका र निशा मेहता स्वास्थ्य तथा जनसंख्या मन्त्री बने।

**१८. मन्त्रिपरिषद्मा युवाको वर्चस्व**
बालेन सरकारको मन्त्रिपरिषद्मा प्रधानमन्त्रीसहित ठूलो संख्यामा ४० वर्षभन्दा कम उमेरका व्यक्ति समेटिए। यसलाई जेनजी आन्दोलनले उठाएको पुस्तान्तरण र नयाँ नेतृत्वको मागको राजनीतिक प्रतिबिम्बका रूपमा हेरियो। मन्त्रिपरिषद्मा महिला तथा सीमान्तकृत समुदायको प्रतिनिधित्वलाई समेत प्राथमिकता दिइएको देखियो।

**१९. जेनजी आन्दोलनका मागलाई शासनमा रुपान्तरण गर्ने प्रयास**
बालेन सरकार गठनसँगै सुशासन, भ्रष्टाचार नियन्त्रण, सरकारी सेवा सुधार, रोजगारी, पारदर्शिता र सार्वजनिक जवाफदेहितालाई सरकारको प्राथमिकतासँग जोडियो। नयाँ सरकारको गठनपछि आन्दोलनका क्रममा उठेका मागहरूलाई नीति तथा कार्यक्रम र प्रशासनिक सुधारमार्फत कार्यान्वयन गर्ने अपेक्षा बढ्यो।

**२०. आन्दोलनका सहिद तथा घाइतेको सम्मान र स्मृति अभियान**
सरकार तथा नागरिक तहबाट आन्दोलनमा ज्यान गुमाएकाहरूको स्मरण, परिवारको पहिचान, घाइतेको सम्मान तथा स्मृति संरचना निर्माणका अभियान अघि बढे। पहिलो वार्षिकोत्सव नजिकिँदै गर्दा जेनजी आन्दोलनलाई संस्थागत स्मृतिका रूपमा सुरक्षित गर्ने गतिविधि पनि तीव्र भए।

**२१. भदौ २३ लाई जेनजी शहीद दिवस बनाउने सरकारी निर्णय**
आन्दोलनको पहिलो वार्षिकोत्सवको पूर्वसन्ध्यामा सरकारले भदौ २३ लाई जेनजी शहीद दिवसका रूपमा मनाउने निर्णय गर्‍यो। यसले आन्दोलनमा ज्यान गुमाएका युवालाई राज्यस्तरबाट औपचारिक रूपमा स्मरण गर्ने आधार तयार गर्‍यो।

**२२. जेनजी स्मृति पार्क तथा स्मारक निर्माण**
जेनजी आन्दोलनका मृतकको स्मृतिमा स्मृति पार्क तथा सालिक निर्माणका अभियानसमेत अघि बढे। यसले आन्दोलनलाई केवल राजनीतिक घटनाका रूपमा नभई नयाँ पुस्ताको सामाजिक-राजनीतिक परिवर्तनको इतिहासका रूपमा दस्तावेजीकरण गर्ने प्रयासलाई संकेत गर्‍यो।

**२३. गैरसरकारी क्षेत्रमा जेनजीका मुद्दाको निरन्तरता**
वर्षभर नागरिक समाज, मानव अधिकार संस्था, युवा समूह, विद्यार्थी संगठन, साहित्यिक संस्था तथा विभिन्न सामाजिक अभियानले भ्रष्टाचार नियन्त्रण, सुशासन, राजनीतिक जवाफदेहिता, युवा रोजगारी, अभिव्यक्ति स्वतन्त्रता र राज्य सुधारका विषयमा कार्यक्रम तथा बहस सञ्चालन गरे। आन्दोलनपछि सडकमा उठेका मुद्दालाई संस्थागत बहसमा लैजाने प्रयास यस अवधिको महत्वपूर्ण गैरसरकारी पक्ष बन्यो।

**२४. एक वर्षपछि जेनजी आन्दोलनको मूल्यांकन**
२०८३ भदौ २२ सम्म आइपुग्दा जेनजी आन्दोलनले तत्कालीन सरकार परिवर्तन गर्‍यो, अन्तरिम सरकार बनायो, निर्वाचन गरायो र अन्ततः नयाँ पुस्ताका बालेन्द्र शाहलाई प्रधानमन्त्री बनाउने राजनीतिक परिणामसमेत दियो। तर आन्दोलनका मूल माग–सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी, सार्वजनिक सेवा सुधार, राजनीतिक जवाफदेहिता र राज्य संयन्त्रको पारदर्शिता–कति पूरा भए भन्ने प्रश्न भने पहिलो वार्षिकोत्सवसम्म पनि बहसकै विषय बनेको छ।

## कोशीका सात दिन

**१. प्रदेश राजनीति तथा सरकार**
- भदौ १७-२३ कोशी प्रदेशको राजनीतिक क्षेत्रमा मन्त्रिपरिषद् हेरफेर मुख्य विषयमध्ये एक रह्यो।
- कोशी प्रदेश सरकारमा मन्त्री परिषद् हेरफेर भयो।
- मानबहादुर लिम्बूलाई स्वास्थ्य मन्त्रीको जिम्मेवारी दिइएको समाचार सार्वजनिक भयो।
- प्रदेश सरकारका मन्त्रालयहरूले विभिन्न प्रशासनिक तथा खरिदसम्बन्धी सूचना जारी गरे।
- प्रदेश लगानी प्राधिकरणले सवारी साधन खरिदसम्बन्धी सूचना प्रकाशित गर्‍यो।
- आन्तरिक मामिला तथा कानुन मन्त्रालयले पनि सवारी साधन खरिदसम्बन्धी सूचना प्रकाशित गरेको देखिन्छ।
- भदौ २२ मा प्रदेश सरकारका विभिन्न मन्त्रालयबाट कार्यक्रम कार्यान्वयन, बोलपत्र र खेलकुद सहभागितासम्बन्धी निर्णय/सूचना सार्वजनिक भए।
- प्रदेश सरकारको प्रशासनिक गतिविधिसँगै बजेट कार्यान्वयन र खर्चको विषय पनि चर्चामा रह्यो।
- कोशी प्रदेशमा बेरुजु बढिरहेको विषय भदौ २३ मा समाचारको विषय बन्यो।

**२. भोटेकोशी बाढी र कोशी प्रदेश**
- राष्ट्रिय विपद् रसुवामा भए पनि कोशी प्रदेशसँग यसको प्रत्यक्ष सम्बन्ध रह्यो। कोशी प्रदेशका नागरिकसमेत ठूलो संख्यामा रसुवा बाढीमा प्रभावित तथा बेपत्ता भएका थिए।
- भदौ १७ सम्म रसुवा बाढीमा कोशी प्रदेशका १४० जना अझै बेपत्ता रहेको विवरण सार्वजनिक भयो।
- कोशी प्रदेशका विभिन्न जिल्लाबाट बाढीपीडितको उद्धार र खोजीमा परिवार तथा आफन्त सक्रिय रहे।
- प्रदेश सरकारको अघिल्लो निर्णयअनुसार भोटेकोशी बाढीपीडितको राहत तथा पुनःस्थापनाका लागि ३ करोड रुपैयाँ सहयोग गर्ने व्यवस्था गरिएको थियो।
- बाढीपछि प्रदेशभित्र विपद् व्यवस्थापन संयन्त्रको क्षमता, पूर्वतयारी र जोखिम न्यूनीकरणबारे बहस भयो।
- कोशी प्रदेशमा पनि भविष्यमा हिमाली तथा नदीजन्य विपद्को जोखिम उच्च रहेको विषय उठ्यो।
- बाढीबाट पाठ सिकेर प्रदेशको विपद् पूर्वतयारी बलियो बनाउनुपर्ने बहस चल्यो।

**३. झापा**
- झापा यो सातामा मौसम, सुरक्षा र सीमा गतिविधिका कारण चर्चामा रह्यो।
- लगातारको वर्षाका कारण झापाका विभिन्न क्षेत्रमा नदी तथा खोलाको बहाव बढ्ने जोखिम रह्यो।
- मेची, रतुवा, कन्काईलगायत नदी तथा खोलाको जलस्तरबारे स्थानीय प्रशासनले निगरानी बढायो।
- पूर्वी नाकाबाट हुने आवतजावतमा सुरक्षा निगरानी बढाउने काम भयो।
- काँकडभिट्टा नाकामा सुरक्षा निगरानी बढाउन 'गोप्रो क्यामेरा' जडान गरिएको समाचार भदौ १८ मा सार्वजनिक भयो।
- सीमा क्षेत्रमा आवागमन, चोरी-तस्करी तथा आपराधिक गतिविधि नियन्त्रणका लागि निगरानी प्रविधि प्रयोग बढाउने विषय चर्चामा आयो।
- झापाका ग्रामीण क्षेत्रमा वर्षाका कारण सडक तथा स्थानीय यातायातमा समस्या देखिएको थियो।

**४. मोरङ**
- कोशी प्रदेशको प्रशासनिक केन्द्र विराटनगरमा प्रदेश सरकारका गतिविधि केन्द्रित रहे।
- प्रदेश सरकारका मन्त्रालयबाट प्रशासनिक निर्णय तथा सूचना सार्वजनिक भए।
- सरकारी कार्यालयहरूको सेवा प्रवाह नियमित राख्ने काम भयो।
- प्रदेश सरकारको बजेट कार्यान्वयन तथा बेरुजुको विषय चर्चामा आयो।
- विराटनगरबाट बाढीपीडितका लागि विभिन्न संघसंस्था तथा निजी क्षेत्रले राहत सहयोग जुटाउने क्रम जारी राखे।
- प्रदेशस्तरीय स्वास्थ्य तथा प्रशासनिक विषयमा पनि निर्णयहरू भए।

**५. सुनसरी**
- सुनसरीमा यो साताको प्रमुख विषय मौसम, स्थानीय पूर्वाधार र सामाजिक गतिविधि रहे।
- इटहरी, धरान, इनरुवा लगायत क्षेत्रमा वर्षाका कारण स्थानीय सडक तथा नालीमा पानी जम्ने समस्या देखियो।
- कोशी नदी तथा आसपासका क्षेत्रमा जलस्तरको निगरानी जारी रह्यो।
- विपद् जोखिम भएका स्थानमा स्थानीय तह र सुरक्षा निकायलाई सतर्क रहन आग्रह गरियो।
- प्रदेश राजधानी विराटनगर र पूर्वी पहाडी जिल्लासँगको सडक सम्पर्कमा मौसमको प्रभावबारे निगरानी गरियो।

**६. संखुवासभा – शिक्षक हत्या प्रकरण**
- यो साताको कोशी प्रदेशकै गम्भीर आपराधिक घटनामध्ये एक संखुवासभामा भयो।
- संखुवासभाको मकालु-१ स्थित कालिका आधारभूत विद्यालयका शिक्षक नरकुबिर खम्बु राई मृत अवस्थामा भेटिए।
- घटनाको अनुसन्धानका क्रममा प्रहरीले उनकी पत्नी पत्न कुलुङ राईलाई नियन्त्रणमा लिएको समाचार सार्वजनिक भयो।
- घटनामा भरुवा बन्दुक प्रयोग भएको आशंका/बरामदसम्बन्धी विवरण पनि सार्वजनिक भयो।
- घटनाले दुर्गम क्षेत्रमा शिक्षक तथा नागरिकको सुरक्षा विषयलाई फेरि चर्चामा ल्यायो।

**७. उदयपुर**
- उदयपुरमा यो साताको एउटा महत्वपूर्ण स्थानीय विषय खानेपानीको समस्या रह्यो।
- ताप्ली गाउँपालिका-५ कुनाही गाउँमा खानेपानीको समस्या अझै समाधान हुन नसकेको समाचार भदौ २३ मा प्रकाशित भयो।
- स्थानीय बासिन्दा वर्षौंदेखि खोलाखोल्सी, कुवा तथा पँधेराको पानीमा निर्भर रहेको उल्लेख गरिएको छ।
- ताप्लीसहित दुर्गम क्षेत्रमा खानेपानी आयोजना सञ्चालनमा आए पनि सबै बस्तीमा सहज पहुँच पुग्न नसकेको अवस्था देखियो।
- यसले कोशी प्रदेशको दुर्गम क्षेत्रमा खानेपानी र आधारभूत पूर्वाधारको असमान पहुँचको प्रश्न उठाएको छ।

**८. इलाम**
- इलाममा यो अवधिमा वर्षा र प्राकृतिक जोखिम प्रमुख विषय रह्यो।
- पूर्वी पहाडी क्षेत्रमा मनसुनी वर्षा जारी रह्यो।
- इलामका पहाडी तथा ग्रामीण सडकमा पहिरोको जोखिम कायम रह्यो।
- कृषि क्षेत्रका लागि वर्षाले राहत दिए पनि अत्यधिक वर्षाले सडक र बस्तीमा जोखिम बढायो।
- पहाडी जिल्लामा थप वर्षा हुनसक्ने भन्दै स्थानीय प्रशासन तथा नागरिकलाई सतर्क रहन आग्रह गरिएको थियो।

**९. पाँचथर**
- पाँचथरमा पनि वर्षा र पहिरोको जोखिम कायम रह्यो।
- ग्रामीण सडकहरूमा वर्षाका कारण आवतजावत प्रभावित हुन सक्ने अवस्था रह्यो।
- कृषि क्षेत्रमा मनसुनी वर्षाको प्रभाव रह्यो।
- नदी तथा खोलानजिक बसोबास गर्ने नागरिकलाई सतर्क रहन आग्रह गरियो।


**१४. स्वास्थ्य**
- भदौ १७-२३ को अवधिमा प्रदेश स्वास्थ्य क्षेत्रबाट पनि केही महत्वपूर्ण गतिविधि भए।
- प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा बजेट तथा कार्यक्रम कार्यान्वयनलाई अघि बढायो।
- गम्भीर रोगका बिरामीलाई प्रदेश सरकारबाट आर्थिक सहायता उपलब्ध गराउने विषय चर्चामा रह्यो।
- कोशी प्रदेश सरकारले गम्भीर रोगका बिरामीका लागि ८ करोड ८५ लाख रुपैयाँभन्दा बढी सहायता उपलब्ध गराएको विवरण भदौ २३ मा सार्वजनिक भयो।
- स्वास्थ्य मन्त्रालयमा भएको मन्त्री परिषद् हेरफेरले स्वास्थ्य क्षेत्रको नेतृत्वसमेत परिवर्तन गर्‍यो।

**१५. कृषि**
- कोशी प्रदेशको ठूलो जनसंख्या कृषिमा निर्भर भएकाले मौसमसँगै कृषि विषय पनि महत्वपूर्ण रह्यो।
- धान तथा अन्य बर्खे बालीमा वर्षाको प्रभाव रह्यो।
- तरकारी तथा फलफूल उत्पादनमा मौसमको प्रभावबारे कृषि कार्यालयहरूले किसानलाई सल्लाह दिए।
- प्रदेश कृषि विकास निर्देशनालयले भदौ १९-२५ को कृषि मौसम सल्लाह जारी गर्‍यो।
- फलफूल बगैँचा स्थापना कार्यक्रममा सहभागी हुन प्रदेशले आवेदनसम्बन्धी सूचना जारी गर्‍यो।
- अत्यधिक वर्षाका कारण पहाडी क्षेत्रमा कृषि सडक र उत्पादन बजारसम्म पुर्‍याउने विषय चुनौती बन्न सक्ने देखियो।

**१६. सीमा तथा सुरक्षा**
- पूर्वी सीमा भएकाले कोशी प्रदेशमा सीमा सुरक्षा सधैँ महत्वपूर्ण विषय हो।
- काँकडभिट्टा नाकामा निगरानी बढाइएको थियो।
- सीमा क्षेत्रमा प्रविधिको प्रयोग बढाउने काम भयो।
- गोप्रो क्यामेरा जडान गरेर सीमा गतिविधि तथा आवागमन निगरानी गर्न थालिएको समाचार आयो।
- भारतसँग जोडिएका झापा, मोरङ र सुनसरीका नाकामा सुरक्षा निकायको सक्रियता रह्यो।
- रुरु १७. अर्थतन्त्र तथा प्रदेश बजेट
- प्रदेशको बजेट कार्यान्वयनको अवस्था चर्चामा रह्यो।
- प्रदेशमा बेरुजु बढेको विषय भदौ २३ मा समाचार बन्यो।
- मन्त्रालयगत कार्यक्रम तथा खर्च व्यवस्थापनबारे प्रश्न उठे।
- प्रदेश लगानी प्राधिकरणले लगानी तथा खरिदसम्बन्धी गतिविधि अघि बढायो।
- प्रदेश सरकारका विभिन्न मन्त्रालयले भदौ १७-२२ बीच नियमित प्रशासनिक तथा खरिदसम्बन्धी सूचना प्रकाशित गरे।

**१८. खेलकुद तथा सामाजिक गतिविधि**
- कोशी प्रदेशमा स्थानीय तह तथा खेलकुद संस्थाका प्रतियोगितात्मक कार्यक्रमहरू जारी रहे।
- प्रदेश सरकारले भदौ २२ मा खेलकुद प्रतियोगितामा सहभागितासम्बन्धी सूचना जारी गरेको थियो।
- विभिन्न जिल्लामा स्थानीय खेलकुद तथा सांस्कृतिक कार्यक्रम सञ्चालन भए।

# चर्चामा रहेका साताका स्वर



## राष्ट्रपति रामचन्द्र पौडेल : संकटका बेला राष्ट्रिय एकता आवश्यक

राष्ट्रपति रामचन्द्र पौडेलले विपद्का कारण पीडामा रहेका नागरिकप्रति राज्यको जिम्मेवारी र राष्ट्रिय एकताको आवश्यकतामा जोड दिए । भोटेकोशी बाढीलगायत प्राकृतिक विपत्तिले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याइरहेको अवस्थामा राजनीतिक मतभेदभन्दा माथि उठेर पीडित नागरिकको उद्धार तथा पुनःस्थापनामा केन्द्रित हुनुपर्ने उनको सन्देश थियो ।

बाढीमा आफन्त गुमाएका, बेपत्ता भएका, विस्थापित भएका तथा घरबार र जीविकोपार्जन गुमाएका परिवारलाई राज्यको साथ आवश्यक रहेको राष्ट्रपति पौडेलको धारणा थियो । विपद्पछिको अवस्थामा राहत वितरणसँगै नागरिकको मनोबल उठाउने काम पनि उत्तिकै महत्वपूर्ण हुने उनको सन्देशको आशय थियो ।

भदौ १७-२३ को साता राजनीतिक रूपमा समेत संवेदनशील रहँदा राष्ट्रपतिको अभिव्यक्तिले राष्ट्रिय संकटमा राजनीतिक विभाजनभन्दा सहकार्य र एकताको आवश्यकतालाई अगाडि सारेको देखियो । प्राकृतिक विपत्तिले प्रभावित नागरिकका लागि राज्यका सबै संयन्त्र एक ठाउँमा उभिनुपर्ने उनको सन्देशले साताको सार्वजनिक बहसमा महत्वपूर्ण स्थान पायो ।

## प्रधानमन्त्री बालेन्द्र शाह : विपद्, सरकार र बदलिदो राजनीतिक बहस



भदौ १७ देखि २३ गतेसम्म प्रधानमन्त्री बालेन्द्र शाहका अभिव्यक्तिहरू मुख्यतः भोटेकोशी बाढीपछिको उद्धार, राहत, पुनःस्थापना र विपद्को दीर्घकालीन असरमा केन्द्रित रहे । संसद्मा सम्बोधन गर्दै उनले बाढीबाट भएको जनधनको क्षति, बेपत्ता नागरिकको खोजी र प्रभावित परिवारलाई राज्यले दिनुपर्ने सहयोगबारे सरकारको धारणा प्रस्तुत गरे । त्यसपछि सामाजिक सञ्जालमार्फत उनले भोटेकोशीसहित पछिल्ला प्राकृतिक विपत्तिलाई जलवायु परिवर्तन र वातावरणीय असन्तुलनसँग समेत जोडेर हेर्नुपर्ने धारणा राखे । उनका अनुसार हिमाली क्षेत्रमा भइरहेको परिवर्तन र त्यसको प्रभावलाई अब सामान्य प्राकृतिक घटनाका रूपमा मात्र बुझेर पुग्दैन । जेनजी आन्दोलनको एक वर्ष पुगेको सन्दर्भमा पनि शाह नेतृत्वको सरकारमाथि आन्दोलनले उठाएका सुशासन, भ्रष्टाचार नियन्त्रण, जवाफदेहिता र युवाको भविष्यसम्बन्धी प्रश्नको जवाफ दिनुपर्ने दबाब रह्यो । यही कारण यो सातामा शाहका अभिव्यक्ति विपद् व्यवस्थापनदेखि राज्य सञ्चालन र जेनजीले खोजेको परिवर्तनसम्म जोडिएर चर्चामा रहे ।

## ३. शिशिर खनाल : विपद्मा अन्तर्राष्ट्रिय सहयोग र समन्वय आवश्यक



परराष्ट्रमन्त्री शिशिर खनाल भोटेकोशी बाढीपछि अन्तर्राष्ट्रिय समुदायसँगको समन्वयका विषयमा चर्चामा रहे । उनले नेपालमा रहेका कूटनीतिक नियोग तथा विकास साझेदारका प्रतिनिधिहरूलाई बाढीबाट भएको क्षति र सरकारले सञ्चालन गरिरहेको उद्धार तथा राहत अभियानबारे जानकारी गराए । ठूलो विपद्को समयमा नेपालले उपलब्ध घरेलु स्रोत र जनशक्तिलाई मात्र भर नपरी आवश्यकताअनुसार अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्नुपर्ने उनको धारणा थियो ।

भोटेकोशी बाढीले ठूलो भौतिक क्षतिसँगै नागरिकको जीवनमा गम्भीर असर पारेको अवस्थामा प्रभावित क्षेत्रमा उद्धार, खोजी, स्वास्थ्य सेवा, पूर्वाधार पुनःनिर्माण र विस्थापितको व्यवस्थापन चुनौतीपूर्ण बनेको थियो । यस्तो अवस्थामा अन्तर्राष्ट्रिय समुदायसँग समन्वय गरेर प्राविधिक, आर्थिक तथा मानवीय सहयोग जुटाउनु सरकारको महत्वपूर्ण जिम्मेवारी भएको खनालको भनाइको सार थियो ।

उनको अभिव्यक्ति यस अर्थमा पनि महत्वपूर्ण बन्यो कि प्राकृतिक विपद्लाई केवल घरेलु प्रशासनिक समस्याका रूपमा नभई जलवायु परिवर्तन, हिमाली जोखिम र अन्तर्राष्ट्रिय सहकार्यसँग जोडिएको विषयका रूपमा बहसमा ल्याइयो ।

## ६. सुधन गुरुङ : जेनजीको बलिदान र सुशासनको प्रश्न



गृहमन्त्री सुधन गुरुङ जेनजी आन्दोलनको एक वर्ष पुगेको अवसरमा व्यक्त गरेको धारणाका कारण चर्चामा रहे । उनले आन्दोलनका क्रममा ज्यान गुमाएका युवाको बलिदान र उनीहरूले उठाएका विषयलाई राज्यले गम्भीरतापूर्वक लिनुपर्ने धारणा राखे । जेनजी आन्दोलनको मूल भाव सुशासन, भ्रष्टाचार नियन्त्रण, जवाफदेहिता र राज्य संयन्त्रमा सुधारसँग जोडिएको भन्दै उनले ती अपेक्षालाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे । आन्दोलन भएको एक वर्षपछि देशमा त्यसले खोजेको परिवर्तन कति संस्थागत भयो भन्ने प्रश्न उठिरहेका बेला सरकारका प्रतिनिधिबाट आएको यस्तो अभिव्यक्ति विशेष चासोको विषय बन्यो । आन्दोलनमा सहभागी युवाको अपेक्षा केवल राजनीतिक नेतृत्व परिवर्तन नभई राज्य सञ्चालनको शैली परिवर्तनसमेत रहेको बहस चलिरहेको थियो । गुरुङको भनाइले जेनजी आन्दोलनलाई विगतको घटनाका रूपमा मात्र होइन, राज्य सञ्चालन सुधारका लागि उठेको दबाबका रूपमा बुझ्नुपर्ने संकेत गऱ्यो । त्यसैले उनको अभिव्यक्ति श्रद्धाञ्जली र स्मरणभन्दा अघि बढेर आन्दोलनका माग तथा त्यसपछिको राजनीतिक यात्राको मूल्याङ्कनसँग जोडियो ।



## २. गगन थापा : विपद्मा राजनीति होइन, राज्यको शक्ति परिचालन

गगनकुमार थापाले भोटेकोशी बाढीलाई सामान्य प्राकृतिक विपत्ति नभई ठूलो मानवीय संकटका रूपमा व्याख्या गरे । उनको जोड उद्धार र राहतसँगै विस्थापित तथा पीडित परिवारको दीर्घकालीन पुनःस्थापनामा थियो । बाढीबाट घर, व्यवसाय, रोजगारी र आफन्त गुमाएका नागरिकलाई तत्कालको राहतले मात्र न्याय नहुने भन्दै उनले पुनर्वास र पुनर्निर्माणको स्पष्ट योजना आवश्यक रहेको धारणा राखे । उनको भनाइमा विपद्को समयमा सरकार, राजनीतिक दल र सामाजिक संघसंस्था सबैले आ-आफ्नो क्षमता परिचालन गर्नुपर्छ । थापाको अभिव्यक्तिको अर्को महत्वपूर्ण पक्ष राजनीतिक प्रतिस्पर्धाभन्दा मानवीय संकटलाई प्राथमिकता दिनुपर्ने भन्ने थियो । बाढी प्रभावित नागरिकलाई सरकार उनीहरूको साथमा छ भन्ने अनुभूति गराउनुपर्ने उनको धारणा थियो । त्यसैले उनको भनाइ राहत वितरणको तत्कालीन विषयमा मात्र सीमित नभई विपद्पछि राज्यले नागरिकप्रति निर्वाह गर्नुपर्ने दीर्घकालीन जिम्मेवारीसँग जोडियो । यही कारण भदौ १७-२३ को सातामा थापाको अभिव्यक्ति राजनीतिक वृत्तमा समेत चर्चाको विषय बन्यो ।

## ५. भीष्मराज आङ्देम्बे : सरकारलाई सहयोग, कमजोरीमा खबरदारी



नेपाली काङ्ग्रेसका नेता भीष्मराज आङ्देम्बेले भोटेकोशी बाढीपछि सरकारको उद्धार तथा राहत अभियानलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । उनको भनाइमा विपद्को समयमा राजनीतिक दलबीचको प्रतिस्पर्धाभन्दा नागरिकको जीवनरक्षा पहिलो प्राथमिकता हुनुपर्छ । उनले बेपत्ता नागरिकको खोजी, प्रभावित परिवारलाई तत्काल राहत तथा विस्थापितलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराए । आङ्देम्बेले प्रतिपक्षको भूमिका सरकारको हरेक काममा विरोध गर्नु मात्र नभएको संकेत गर्दै सकारात्मक काममा सहयोग र कमजोरीमा खबरदारी दुवै आवश्यक रहेको धारणा राखे । विपद्पछि राहतको चरण सकिएपछि पुनःस्थापना र पुनर्निर्माणमा राज्यले अझ ठूलो जिम्मेवारी निर्वाह गर्नुपर्ने उनको भनाइ थियो । उनको अभिव्यक्ति त्यस समयमा चर्चामा आयो, जब बाढी प्रभावित नागरिकमा सरकारको उद्धार क्षमता, राहत वितरण र बेपत्ताको खोजीलाई लिएर विभिन्न प्रश्न उठिरहेका थिए । त्यसैले आङ्देम्बेको भनाइलाई विपद्मा प्रतिपक्षको रचनात्मक भूमिकासँग जोडिएको राजनीतिक सन्देशका रूपमा हेरियो ।

## इतिहासको पानाबाट

### तेस्रो विश्वयुद्धबारे नास्त्रेदमसको सान्दर्भिक भविष्यवाणी



हालैका घटनाहरुलाई विश्लेषण गर्दा इस्लामले विश्वकै सर्वशक्तिमान राष्ट्र अमेरिकालाई ललकारेको छ, अमेरिकाको मुटुमा प्वाल पारेको छ । इस्लामले रुसलाई पनि छाडेको छैन । चेचेन्या युद्ध इस्लामकै पराक्रमको परिणाम हो । अर्को शक्तिशाली राष्ट्र चीनलाई पनि इस्लामले तर्साएको छ तर आक्रमण भने अझै गरेको छैन । भारतलाई वितल सात-आठ सय वर्षदेखि इस्लामले ढाक्दै आएको छ । अब निकट भविष्यमै यसले भारतलाई डुबोलेझैं ढाकेर निमिट्यान्नै पार्न बेर छैन । परिवार नियोजन नगर्ने धर्म भएकोले निश्चय नै आगामी सय वर्षभित्रैमा विश्वको आधाभन्दा धेरै जनसंख्या मुस्लिमहरुको हुनेछ । साँच्चिकै मुस्लिमहरु आगामी तीन सय वर्षसम्म युद्ध नगरी बसे मात्र पनि पूरै विश्व इस्लामहरुकै हुनेछ । यसको प्रमुख कारण के हो भने हालका वर्षहरुमा साठी प्रतिशत पश्चिमेली महिलाहरु गर्भवती नै हुन छाडेका छन् र यसरी गर्भवती नहुने फेशन विस्तारै पूरै शिन्वभरि फैलिदैछ । तर यस फेशनको प्रभाव मुस्लिम समाजमा भने अन्य धर्मावलम्बीहरुको जनसंख्या वृद्धिदर माइनसमा जानेछ र इस्लामहरुको प्लसमा । अन्ततोगत्वा इस्लामहरुको भीडभित्र रहेका अन्य अल्पसंख्यक धर्मावलम्बीहरु मुस्लिम बन्नेछन् । यदि मुस्लिम बन्न नमानेमा तिनीहरुको हविगत के हुनसक्छ, हामी सबैलाई थाहा भएकै कुरा हो ।

नास्त्रेदमसले एक स्थानमा लेखेका छन् - 'हेर मेरो आँखाबाट झर्दै गरेका आँसुहरु ! ईसाइहरुको सर्वनाश म देखिरहेछु ।' नास्त्रेदमस समर्पित ईसाइ थिए र सम्पूर्ण ईसाइहरुलाई सखाप पार्दै गरेको दृश्य हेर्दा उनका आँखाबाट आँसु झरेका थिए । यहाँ दुईवटा अर्थ लाग्न सक्छन् । पहिलो अर्थ हुनसक्छ - होही ईसाइहरुको हत्याको दृश्यले आँखाबाट आँसु आएका थिए, दास्रो अर्थ सम्पूर्ण ईसाइहरुको विनाश देखेर आँसु आएको भए तेस्रो विश्वयुद्ध मुस्लिमहरुले जितेको भविष्यवाणी हुनेथियो । जबकि तेस्रो विश्वयुद्ध ईसाइहरुले जित्नेछन् भनी भविष्यवाणी गरिएको छ । भविष्यवाणी लेख्दै गर्दा नास्त्रेदमसका आँखाबाट झरेका आँसुले कतै उनले लेखेको तेस्रो विश्वयुद्धको अन्तिम परिणाममा फेरबदल त भएको छैन भन्ने शंका भने पक्कै पनि उब्जिन जान्छ ।

प्रस्तुति :- ज्यो. रामानन्द शर्मा

स्रोत :- The complete prophecies of Michel Nostradamus

- नास्त्रेदमसकी सम्पूर्ण भविष्यवाणियां

**नास्त्रेदमस को हुन् ?**

नास्त्रेदमसको जन्म सन् १५३० डिसेम्बर १४ मा फ्रान्समा भएको थियो । उनी जन्मदा उनका बुबा आमा यहुदी थिए, तर सन् १५१२ मा नास्त्रेदमसको परिवार क्याथोलिक ईसाइमा परिवर्तन भयो । नास्त्रेदमसको पूरा नाम मिशेल द नास्त्रेदमस थियो । नस्त्रेदमसले मौटेपेलिअर विश्वविद्यालयबाट चिकित्साशास्त्रमा डक्टरेट गरेका थिए र अध्ययनपछि त्यसै विश्वविद्यालयमा प्राध्यापको जागिर पाएका थिए । चिकित्सा क्षेत्रमा काम गर्न रुचि नभएकोले उनले प्राध्यापको जागिर परित्याग गरे ।

नास्त्रेदमसले जीवनमा दुईपटक विवाह गरे । पहिले विवाह सन् १५३४ मा र दोस्रो विवाह सन् १५४६ मा गरेका थिए । पहिली श्रीमतीको मृत्यु भएपछि दोश्रो विवाह गर्न उनी बाध्य भएका थिए ।

नास्त्रेदमसका बारेमा उनकै शिष्य जीन द शविग्नेद्वारा 'ब्रिफ डिस्कोर्स अन द लाइफ अफ मिस्टर मिशेल द नोस्त्रेदम' नामको किताबमा संक्षिप्त विवरण यसरी दिइएको छ ।

उनी मझौला कदका थिए । स्वस्थ, प्रसन्न चित्त तथा जाँगरिला एवम् क्रियाशील थिए । आँखीभौं गोलाकार तथा भरिपूर्ण थिए । नाक सीधा र चुच्चो परेको थियो भने खैरा रंगका उनका आँखामा कोमलता झल्कन्थ्यो तरा तिनै आँखामा कोमलता झल्कन्थ्यो तर तिनै आँखा रिसाएको बेला ज्वाला बन्दथे । उनी आकर्षक एवम् प्रभावशाली व्यक्तित्वका धनी थिए । बूढो भएपछि पनि उनका गाला चाउरी परेका थिएनन्, पोटिला र पुष्ट थिए । पाँचै इन्द्रियहरु स्वस्थ थिए । उनको दिमाग युवावस्थाकै जस्तो थियो र त्यसलाई चाहेजति उनी उपयोग गर्दथे । उनले गरेका फैसलाहरु सही र सत्य हुन्थे र उनको स्मरणशक्ति गजबको थियो । उनी धीर एवम् गम्भीर प्रकृतिका थिए । धेरै सोच्थे तर कम बोल्थे । आवश्यकतानुसार बहस गर्न पनि पछि पर्दैनथे । तैपनि उनको स्वभाव धेरै सोच्ने कम बोल्ने खालको थियो । उनी केवल चार घन्टामात्र सुत्थे र उनी नैतिक, चरित्रवान्, आस्थावान् एवम् संस्कारवान् थिए । साथै धर्म-अध्यात्मप्रति समर्पित थिए र अध्यात्मबिना मुक्तिको अर्को कुनै साधन छैन भन्ने कुरामा विश्वस्त थिए ।

नास्त्रेदमस रातभरि अध्ययन-लेखनमा व्यस्त हुन्थे र बिहानीपख सुत्दथे । उनी दिउँसो मात्र बाहिर निक्लन्थे । सन् १५५० मा चिकित्सा पेसालाई परित्याग गरेर त्यसपछिका वर्षहरुमा प्रत्येक वर्ष वार्षिक भविष्यवाणीहरु निकाल्न थालेका थिए । ती वार्षिक भविष्यवाणीहरु प्रसिद्धिको चरम सीमामा पुगेका थिए । सन् १५५४ तिर उनले भविष्यवाणीले मात्र भरिएका सेन्चुरीहरु (शतक) प्रकाशित गर्ने योजना बनाए । सय छन्दको कविताले युक्त अध्यायलाई सेन्चुरी भनिन्छ ।

सन् १५५५ सम्ममा नास्त्रेदमसले 'प्रोफिसिज' नामक पुस्तक लेखिसकेका थिए । त्यस पुस्तकमा पहिलो, दोस्रो तथा तेस्रो सेन्चुरीको प्रथम भागसमेत छपाउन लागिसकेका थिए भनिन्छ । यस भागमा चर्च, ईसाइ धर्म तथा पोपको प्रभुत्वप्रति असहनीय भविष्यवाणीहरु गरिएका थिए । समाचारपत्रबाट क्रमशः.....